रातो खबर
Ratokhabar weekly
साप्ताहिक
वर्ष ३, अङ्क २८, पूर्णाङ्क १२३ | २०७४ पुस १२ गते बुधबार | Wednesday, 27 Dec 2017 | www.eratokhabar.com | मूल्य रु. १०

## सुमार्गीसँगै प्रचण्ड पनि तानिने





प्रचण्डको निकट सम्बन्धका कारण अबैध कारोबार गरेर अकूत सम्पत्ति आर्जन गरेका हेटौंडा पुस्तैनी घर भएका अर्बपति अजयराज सुमार्गी ... बाँकी पृष्ठ ७ मा

## मिथिला कि मधेस ?

■ रातो खबर संवाददाता

दुई नम्बर प्रदेशलाई मिथिला नामकरण गर्ने कि मधेस भन्ने बहस लामो समयदेखि चलिरहेको छ । नेपालमा मधेस नामको भाषा र संस्कृति छ कि छैन भन्ने बहस छ । मिथिला भाषा, संस्कृति, समुदाय, भूगोल, मनोविज्ञान र ऐतिहासिक विरासत रहिआएको छ । नेपालमा मिथिला प्रदेश निर्माण भएमा त्यसको प्रभाव भारतमा समेत पर्न सक्छ । नेपालमा भन्दा ठूलो जनसङ्ख्या र भूगोल भारतको बिहारमा छ । 'भारतीय स्वार्थमा शक्तिकेन्द्रहरू मिथिला प्रदेशकाविरुद्ध उभिएको' आरोप पनि लाग्ने गरेको छ । मिथिला प्रदेशको माग चर्किरहेको समयमा आन्दोलनकारीमाथि बम प्रहार हुनु, साङ्घातिक हमला हुनु र त्यसप्रकारका घटनाप्रति मधेसवादी नेता र भारतीय पक्षको बेसरोकार देखिनुले माथिको आरोपलाई नै पुष्टि गरेको छ ।

शनिबार सप्तरी सदरमुकाम राजविराजमा सम्पन्न १५ औँ अन्तर्राष्ट्रिय मैथिली सम्मेलनले १३ बुँदे राजविराज घोषणापत्रसहित २ नम्बर प्रदेशलाई मिथिला प्रदेश नामकरण गर्न माग गरेको छ । सम्मेलनले मिथिला भाषालाई २ नम्बर प्रदेशको सरकारी कामकाजको भाषा घोषणा गर्नसमेत माग गरेको छ । सम्मेलनले नेपालको भौगोलिक ... बाँकी पृष्ठ ७ मा

# माओ दिवसमा ध्रुवीकरण पहल

■ रातो खबर संवाददाता

पुस ११ गते तदनुरूप २६ डिसेम्बरका दिन मङ्गलबार संसारभरिका श्रमिक, उत्पीडित जनसमुदाय, देशभक्त र क्रान्तिकारी जनसमुदायले माओ त्सेतुङको सम्झनामा विभिन्न कार्यक्रमहरू सम्पन्न गरेका छन् । नेकपा निकट जनवर्गीय सङ्गठन, मोर्चा सङ्गठन र रातो खबर प्रकाशनगृहले संयुक्त रूपमा काठमाडौँमा अन्तरसंवाद कार्यक्रम सम्पन्न गरेका छन् ।

विश्व कम्युनिस्ट आन्दोलनमा अध्यक्ष माओका योगदानहरूलाई 'माओवाद' का रूपमा संश्लेषण गरिएको छ । औद्योगिक र पुँजीवादी देशमा समाजवादी क्रान्तिको कार्यदिशा प्रतिपादन र सफल कार्यान्वयन, साम्राज्यवादको व्याख्या महान् लेनिनले गर्नुभयो । अर्धसामन्ती र अर्धऔपनिवेशिक देशमा ' किसानमा भर परेर क्रान्ति गर्नुपर्ने र त्यसको स्वरूप तिनै देशका क्रान्तिकारीले ठोस गर्नुपर्ने' लेनिनको धारणा थियो । लेनिनको त्यो अभिभारालाई अध्यक्ष माओले पूरा गर्नुभयो । लेनिनले एउटा मात्रै देशमा पनि समाजवादी क्रान्ति सम्भव हुने तर क्रान्ति निरन्तर जारी राख्नुपर्ने विचार राख्नुभएको थियो ।



माओकै समयमा सोभियत सङ्घमा प्रतिक्रान्ति भयो भने चीनमा तेङमण्डली प्रतिक्रान्तिको झन्डा उठाउन थाल्यो । रुस र आफ्नै पार्टीको दक्षिणपन्थी हावाका विरुद्ध माओले सन् १९६६ मा महान् सर्वहारा सांस्कृतिक क्रान्ति सुरु गर्नुभयो । त्यसले चीनलाई एउटा शक्तिशाली देश बनायो । सर्वहारा वर्गलाई बलियो हतियार दियो । माओका योगदानहरूलाई आफ्नो देशमा सिर्जनात्मक रूपमा लागू गर्नु, संशोधनवादको मुख्यालयमा बम बर्साउनु, क्रान्तिकारी ध्रुवीकरण गर्नु आजका क्रान्तिकारीहरूको दायित्व हो । यही मर्मलाई आत्मबोध गर्दै नेकपाका महासचिव विप्लव र नेकपा (क्रा.मा.) ... बाँकी पृष्ठ ७ मा

## अदालतमा भ्रष्टाचार व्याप्त छ : भण्डारी

■ रातो खबर संवाददाता

कानुन व्यवसायीहरूको छाता सङ्गठन नेपाल बार एसोसिएसनको ६१ औँ स्थापना दिवस काठमाडौँमा सम्पन्न भयो । सर्वोच्च अदालतका प्रधानन्यायाधीश गोपाल पराजुलीद्वारा उद्घाटन गरिएको उक्त कार्यक्रम उच्च अदालत बार एसोसिएसन पाटन, ललितपुर जिल्ला अदालत बार एसोसिएसन, काठमाडौँ जिल्ला अदालत बार एसोसिएसन र भक्तपुर जिल्ला अदालत वार एसोसिएसनले संयुक्त रूपमा आयोजना गरेका थिए । न्यायपालिका र नेपाल बार एसोसिएसनको पुनर्संरचनाको विषयलाई समेत समेट्दै अन्तरक्रियात्मकरूपमा सम्पन्न सो कार्यक्रममा वरिष्ठ अधिवक्ताहरू, अधिवक्ताहरू, आयोजक बारका पदाधिकारी र सदस्यहरू, न्यायाधीशहरू, बहालवाला कानुनमन्त्री, पूर्वकानुनमन्त्री, नेपाल सरकारका महान्यायाधिवक्ता, पूर्वमहान्यायाधिवक्ताहरू र पूर्वसभासद्हरू र सांसदहरूसमेतको सहभागिता रहेको थियो ।

कार्यक्रमको प्रथम वक्ताका रूपमा आमन्त्रित वरिष्ठ अधिवक्ता तथा पूर्वसभासद् एकराज भण्डारीले



न्यायपालिका र समसामयिक राजनितिका विषयमा गरेको अभिव्यक्तिका कारण सिङ्गो कार्यक्रम नै तरङ्गित हुन पुगेको थियो । प्रमुख अतिथि गोपाल पराजुली, कानुनमन्त्री यज्ञबहादुर थापा र अन्य वक्ताले समेत वरिष्ठ अधिवक्ता एकराज भण्डारीले मन्तव्यका क्रममा उठाएका विषय गम्भीर विषय भएकाले त्यस सम्बन्धमा आफू पनि छलफल गर्न तयार भएको भन्दै सम्बोधन गरेका थिए । वरिष्ठ अधिवक्ता एकराज भण्डारीले मन्तव्यका क्रममा 'सर्वसाधारणका लागि न्याय महँगो भएको, न्यायपालिकामा भ्रष्टाचार व्याप्त रहेको, केही कानुन व्यवसायीहरू, न्यायाधीशहरू र बिचौलियाका कारण न्यायपालिकामा रहेका असल न्यायाधीशहरू र कानुन व्यवसायीहरूसमेत टिक्न सक्ने अवस्था नभएको, न्यायपालिकामा चरम राजनीतिक हस्तक्षेप रहेको, न्यायपालिका र न्यायपरिषद्को संरचनाको वर्तमान स्वरूपका कारण न्यायपालिकामा बेथिति देखिएको' भन्दै न्यायपालिकाका प्रमुखले फोटो झुन्ड्याउन नभएर आफ्ना योजना कार्यान्वयन गरेर देखाउनका लागि न्यूनतम २ वर्षको भए पनि समय पाउनुपर्ने बताएका थिए ।

वर्तमान राजनीतिक अवस्थाप्रति तीखो टिप्पणी गर्दै वरिष्ठ अधिवक्ता भणडारीले हजारौँ सहिदहरू, बेपत्ता योद्धाहरू, घाइते र अपाङ्गता भएका नागरिकहरूको रगत र पसिनाका कारण प्राप्त गणतन्त्र र संविधानले समेत जनताको आधारभूत समस्याको हल गर्न नसकेको बरु उल्टै गठबन्धनमा ... बाँकी पृष्ठ ८ मा

## विश्वभरि माओ दिवस मनाइँदै

### सांस्कृतिक क्रान्तिको महत्व झनै बढेर गएको छ : विरही




■ अम्बिका चन्द / काठमाडौँ

**पुस ११ :** चिनियाँ क्रान्तिका नायक माओ त्से तुङको १२५ औं दिवस विश्वभरि विभिन्न कार्यक्रम गरी मनाइएको छ । डिसेम्वर २६ अर्थात् पुस ११ गते विश्वभरिका कम्युनिस्टहरुले माओलाई आदर्श व्यक्ति मान्दै उनलाई सम्झने गर्दछन् । यता नेपालमा पनि नेकपाका विभिन्न भातृसंगठनहरुद्वारा गठित 'माओ दिवस समारोह समिति' को आयोजनामा एक कार्यक्रम सम्पन्न गरिएको छ । मंगलवार काठमाडौं अनामनगरस्थित संवाद डबलीमा आयोजित उक्त कार्यक्रममा सहभागीहरुले माओका योगदानहरुको बारेमा ब्याख्या गरेका ... बाँकी पृष्ठ ७ मा

## विवेकको शव पाँच दिनदेखि अलपत्र

■ रातो खबर संवाददाता



प्रहरीको गोलीबाट मारिएका म्यादी प्रहरी विवेक ऐडीको शव पाँच दिनदेखि कालीकोटको सदरमुकाम मान्ममा अलपत्र परेको छ । प्रशासनले आन्दोलनकारीका माग पूरा नगरेको भन्दै पीडित पक्षले शव बुझ्न नमानेकाले ऐडीको शव अलपत्र परेको हो । आफूले पाउनुपर्ने तलब सुविधामा कटौती गरिएको भन्दै म्यादी प्रहरीहरू आन्दोलनमा उत्रिएपछि प्रहरीले गोली चलाउँदा शुक्रबार साबिकको मेहलमुडी गाविस र हालको रास्कोट नगरपालिका वडा नं २ का म्यादी प्रहरी २१ वर्षीय विवेक ऐडीको मृत्यु भएको थियो । ऐडीको मृत्युपछि आक्रोशित भएका म्यादी प्रहरी र स्थानीय बासिन्दाले गोली चलाउने प्रहरी, आदेश दिने प्रजिअ र डीएसपीलाई कारबाहीको माग गरिरहेका छन् । आक्रोशित प्रदर्शनकारीहरूले ... बाँकी पृष्ठ ४ मा

## माओवाद, जनयुद्ध र नयाँ जनवादी क्रान्ति

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



२६ डिसेम्बर, सन् १८९३ मा जन्मनुभएका कमरेड माओ त्से तुङको यो १२५ औँ जन्मदिवस हो । चिनियाँ नयाँ जनवादी क्रान्ति र महान् सर्वहारा सांस्कृतिक क्रान्तिपछि हरेक वर्षको २६ डिसेम्बरले अन्तर्राष्ट्रिय सर्वहारावर्गका लागि विशेष महत्व राख्दछ । यो दिनमा संसारभर सर्वहारावर्गबाट माओ त्सेतुङको विशेष सम्झना गरिन्छ ।

माओ त्सेतुङको योगदानबारे संसारमा धेरै चर्चा भइसकेको छ । उहाँको वर्णन र उहाँले गर्नुभएका विकासका बारेमा संसारभरमा सयौँ दर्जन पुस्तक लेखिएका छन् तर सबै विश्लेणहरूमा योगदानलाई एउटै वाक्यमा यसरी संश्लेषण गर्न सकिन्छ- माओले मार्क्सवाद-लेनिनवादलाई मार्क्सवाद-लेनिनवाद-माओवादमा गर्नुभएको विकास । मार्क्सवादका तीन स्रोत र तीन प्रवर्ग भन्ने रचनामा लेनिनले स्पष्ट गर्नुभएको छ- मार्क्सवादको विकास समाजका तीन वैचारिक स्रोत र तीन प्रवर्ग वा तीन सङ्घटक अङ्गबाट भएको छ । त्यसमा एउटा प्रवर्ग भनेको भौतिकवादी दर्शन हो । मार्क्सले पुरानो भौतिकवादी दर्शनलाई गहिरो गरी बुझ्नु मात्र भएन, त्यसमा विकास गर्नुभयो र त्यसलाई नयाँ उचाइमा उठाउनुभयो ।

मार्क्सवादको दोस्रो प्रवर्ग भनेको राजनीतिक अर्थशास्त्र हो । राजनीतिक अर्थशास्त्रमा आर्थिक आधार र राजनीतिक उपरिसंरचनाको द्वन्द्वात्मक सम्बन्धका बारेमा चर्चा गर्नुभयो । उहाँले सामन्तवादी अर्थव्यवस्थाको चरित्रलाई मात्र सही किसिमले पकड्नुभएन, उहाँले पुँजीवादी अर्थव्यवस्था, त्यसको चरित्र र विकासलाई सही किसिमले बुझ्नुभयो । त्यतिबेलाका विख्यात अर्थशास्त्री डेभिड रिकार्डो, यन्त्रमानव ओबेनजस्ता पुँजीवादी अर्थशास्त्रीहरूका दार्शनिक खोट रहेको, जसको कारण मजदुर वर्गको हित गर्न नसक्ने स्पष्ट गर्नुभयो । मार्क्सले त्यति मात्र विश्लेषण गर्नुभएन, उहाँले पुँजीवादले विश्वभरि विजय हासिल गर्ने कुरा बताउनुभयो र त्यो विजय भनेको सर्वहारावर्गको विश्व-विजयको पूर्वाभ्यास हुने पनि बताउनुभयो । मार्क्सले पुँजीवादको पतनपछि समाजवाद र साम्यवाद स्थापना हुने बताउनुभयो ।

त्यस्तै मार्क्सवादको तेस्रो प्रवर्ग भनेको वैज्ञानिक समाजवाद थियो । मार्क्सले सामन्तवादको अन्त्यपछि कथित बाँकी पृष्ठ २ मा

## सम्पादकीय

# माओका विचारहरू अमर छन्

विश्व सर्वहारावर्गका महान् नेता तथा चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष कमरेड माओ त्सेतुङको १२५ औँ जन्मजयन्ती संसारभरका माओवादीहरूले भव्य रूपले मनाएका छन् । नेपालमा नेपाल कम्युनिस्ट पार्टी र उसका जनवर्गीय सङ्गठनहरूले माओको जन्मदिवस भव्य रूपले मनाएका छन् र माओका दार्शनिक, वैचारिक, राजनीतिक योगदानहरू मानवजातिको मुक्ति नभएसम्म उत्तिकै जीवन्त र महत्वपूर्ण छन् भन्ने तथ्य स्थापित गरेका छन् ।

२६ डिसेम्बर कमरेड माओको जन्मदिवस हो । मालेमाका पक्षधरहरूले माओको जन्मदिवसलाई उत्सवका रूपमा मनाउने गरेका छन् । माओ दिवस वा माओजयन्ती मनाउनुको तात्पर्य मार्क्सवाद-लेनिनवादलाई सिर्जनात्मक रूपमा प्रयोग गर्दै सामन्तवादबाट उत्पीडित किसानहरूको अगुवाइमा ग्रामीण वर्गसङ्घर्ष सञ्चालन गरी जनवादी क्रान्ति सम्पन्न गर्ने र चीनको भूमिमा समाजवाद स्थापना गरी संसारमा समाजवाद स्थापनाको लहर अघि बढाउने माओवादलाई मार्गनिर्देशक सिद्धान्तका रूपमा अवलम्बन गर्नु हो । यसर्थ आज पनि माओका योगदानहरू उत्तिकै र अझ बढी महत्वपूर्ण छन् भन्ने प्रमाणित हुन्छ ।

विश्व कम्युनिस्ट आन्दोलनमा अध्यक्ष कमरेड माओका विचार र योगदानहरूलाई 'माओवाद' का रूपमा संश्लेषण र विकास गरिएको छ । माओवादको विकास हुनुअघि मार्क्सवाद-लेनिनवाद वर्गसङ्घर्षको मुख्य हतियार थियो । मार्क्सवादले श्रमिक-उत्पीडित जनतालाई शोषक वर्गका विरुद्ध वर्गसङ्घर्षको माध्यमबाट सत्ता कब्जा गर्ने दार्शनिक तथा वैचारिक हतियार प्रदान गऱ्यो भने लेनिनवादले त्यसलाई सशस्त्र सहरी विद्रोहका माध्यमबाट मजदुर वर्गको नेतृत्वमा क्रान्ति सम्पन्न गर्दै पहिलोपटक व्यवहारमा रूपान्तरण गऱ्यो । लेनिनवाद पुँजीवादी समाजमा मार्क्सवाद लागू गर्ने अर्थात् सर्वहारावर्गीय क्रान्ति सम्पन्न गर्ने र समाजवाद स्थापना गर्ने एउटा मोडेल बन्यो । पुँजीवादको विकास नभएको समाज अर्थात् अर्धसामन्ती, अर्धऔपनिवेशिक समाजमा क्रान्तिको नयाँ कार्यदिशाको अभाव थियो । कमरेड माओले मार्क्सवाद-लेनिनवादको जगमा थप कार्यदिशा विकास गर्दै उत्पीडित किसानवर्गको नेतृत्वमा ग्रामीण वर्गसङ्घर्ष अर्थात् दीर्घकालीन जनयुद्धको माध्यमबाट क्रान्ति सफल पार्ने नयाँ नीति आविष्कार गर्नुभयो । महान् लेनिनले औद्योगिक र पुँजीवादी देशमा समाजवादी क्रान्तिको कार्यदिशा प्रतिपादन, सफल कार्यान्वयन र साम्राज्यवादको व्याख्या गर्नुभएको थियो । अर्धसामन्ती र अर्धऔपनिवेशिक देशमा 'किसानमा भर परेर क्रान्ति गर्नुपर्ने र त्यसको स्वरूप तिनै देशका क्रान्तिकारीले ठोस गर्नुपर्ने' लेनिनको विचारलाई कमरेड माओले व्यवहारमा रूपान्तरण गर्नुभयो । माओवाद पुँजीवादको विकास नभएका मुलुकहरूमा वर्गसङ्घर्ष सञ्चालन गर्ने र त्यसलाई समाजवादसम्म पुऱ्याउने एक शक्तिशाली दार्शनिक तथा वैचारिक हतियार हो ।

माओले क्रान्तिको नयाँ कार्यदिशा निर्माण मात्र गर्नुभएन, त्यसको सफल प्रयोग पनि गर्नुभयो । मार्क्सवाद-लेनिनवादको प्रयोग र विकासका क्रममा प्रतिक्रियावादी शक्तिहरूका विरुद्ध लड्ने र जित्ने मात्र नभएर आफैँभित्रका खराबीहरूका विरुद्ध पनि निरन्तर सङ्घर्ष गरिरहनुपर्ने विचार कमरेड माओले अघि सार्नुभयो र सर्वहारा सांस्कृतिक क्रान्तिका रूपमा त्यसलाई अघि बढाउनुभयो । माओले आफ्नै आँखाले प्रथम समाजवादी मुलुक महान् सोभियत सङ्घमा प्रतिक्रान्ति भएको देख्नुभयो र चीनमा त्यसले प्रवेश नपाओस् भनेर सबैखाले अवसरवाद, सुधारवाद र प्रतिक्रान्तिकारी दृष्टिकोण तथा कदमहरूका विरुद्ध निर्मम सङ्घर्ष गर्नुभयो र विजय प्राप्त गर्नुभयो ।

चिनियाँ नयाँ जनवादी क्रान्ति, समाजवादी क्रान्ति र महान् सर्वहारा सांस्कृतिक क्रान्तिपछि हरेक वर्षको २६ डिसेम्बरमा संसारभरका सर्वहारावर्गले माओजयन्ती अर्थात् माओ दिवस मनाउँछन् । यसको मूल कारण भनेको माओले मार्क्सवाद-लेनिनवादलाई मार्क्सवाद-लेनिनवाद-माओवादमा गर्नुभएको विकास नै हो । चीनजस्तो अर्धसामन्ती र अर्धऔपनिवेशिक देशमा नयाँ जनवादी क्रान्ति, समाजवादी समाजभित्र उत्पन्न वर्गसङ्घर्षको समाधान गर्ने सन्दर्भमा पैदा भएको महान् सर्वहारावादी सांस्कृतिक क्रान्तिको माध्यमबाट माओले मार्क्सवाद-लेनिनवादलाई मार्क्सवाद-लेनिनवाद-माओवादमा विकास गर्नुभएको थियो । माओले साम्राज्यवाद र सर्वहाराक्रान्तिको युगमा चीनजस्ता अल्पविकसित देशहरूमा अर्धसामन्ती अर्धऔपनिवेशिक आर्थिक प्रणाली रहने, ती देशहरूमा समाजवादमा जानका लागि पुँजीवादको विकास गर्न आवश्यक नपर्ने बरु सर्वहारावर्गको नेतृत्व र जनताको जनवादी अधिनायकत्वमा पुँजीवादी अधिनायकत्व अन्त्य गरी नयाँ जनवादी सत्ताको स्थापना गर्न सकिने र यसबाट समाजवादी आर्थिक आधार र राजनीतिक उपरिसंरचनाको विकास गर्न सकिने विचार व्यक्त गर्नुभयो । माओले समाज विकासका क्रममा देखापर्ने सुधारवाद, आत्मसमर्पणवाद, जुझारु अर्थवाद, भँडुवा विकासवादलगायत सबै प्रकारका संशोधनवादका विरुद्ध निर्मम प्रकारको सङ्घर्ष गर्नुभयो, चीनजस्तो आर्थिक रूपले अति पिछडिएको देशका जनतालाई राजनीतिक रूपले सबैभन्दा अग्रगामी अवस्थामा पुऱ्याउनुभयो र चीनमा क्रान्ति सम्पन्न गर्नुभयो ।

नेपालमा नेपाल कम्युनिस्ट पार्टीले एकीकृत जनक्रान्तिका रुपमा क्रान्तिको नयाँ कार्यदिशाको विकास गरेको छ । नेपाली समाज र यहाँ भएका सङ्घर्षहरूको सूक्ष्म अध्ययन, संश्लेषण र संसारभरको वर्गसङ्घर्षका अनुवहरूको संश्लेषणपछि नेकपाले एकीकृत जनक्रान्तिको कार्यदिशा विकास गरेको हो । मार्क्सवाद-लेनिनवाद-माओवादलाई दृढतापूर्वक हृदयङ्गम गरेर, लागू गरेर र त्यसमा विकास गरेर नै एकीकृत जनक्रान्ति पूरा गर्न सम्भव छ । माओका योगदानहरूलाई आफ्नो देशमा सिर्जनात्मक रूपमा लागू गर्नु, सबैखाले संशोधनवादको मुख्यालयमा बम बर्साउनु, क्रान्तिकारी ध्रुवीकरण गर्नु र क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद स्थापना गर्नु माओवादीहरूको प्रमुख दायित्व हो । माओ दिवस मनाउनुको सान्दर्भिकता पनि यसमै निहित छ ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# जनशक्तिसामु हातहतियारको पराजय


धीरेन्द्रा उपाध्याय 'भृकुटी'

संसदीय व्यवस्थाका राजनीतिक दल र तिनका नेताप्रति पूरै अविश्वास पैदा भएको छ । राजनीतिक दलले आषनो सङ्कट टार्नका निम्ति वाम गठबन्धन भने पनि दलाल तस्कर, भ्रष्ट जन्माउने थलो साबित भएको छ । देशमा राष्ट्रघात र जनघातले सीमा नाघेको छ । राष्ट्रियता, जनतन्त्र, जनजीविका, शिक्षा, स्वास्थ्य, रोजगारजस्तो महत्वपूर्ण विषय दलाल राष्ट्रघातीहरूको अपहरणमा परेको छ ।

इतिहासमा जुनसुकै बादशाह पनि जनताको शक्तिसामु निकम्मा साबित भएका छन् । यो हरेक राजनीतिक आन्दोलन र युद्धले पुष्टि गरिदिएको छ । यतिबेला नेपाल कम्युनिस्ट पार्टीले संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवाद स्थापनाका लागि निरन्तर सङ्घर्ष गर्दै आएको छ । यही सिलसिलामा संसदीय व्यवस्थाले संसदीय सङ्घ र प्रादेशिक पहिलो र दोस्रो चरणको निर्वाचन गर्ने मिति अवलम्बन गऱ्यो । सोही नितिका विरुद्ध नेपाल कम्युनिस्ट पार्टीले दलाल संसदीय व्यवस्थाद्वारा आयोजित संसदीय निर्वाचन खारेजी गर्ने नीतिअनुरूप देशव्यापी खारेजी अभियान अगाडि बढ्यो । सोही क्रममा कालीकोट जिल्लाका जनताले आफ्नो ऐतिहासिक विरासतलाई कायम राख्न सफल भएका छन् ।

विगत जनयुद्ध कालमा पनि कालीकोट माल्कोटका दलित महिलाहरूले २०५४ साल चैत २६ गते बिथोलडाडामा कुमाल गाउँ इलाका प्रहरी कार्यालयबाट प्रहरी आई गाउँ घेरा हालेपछि त्यहाँका महिलाहरूले लखेटेर लिई ओढारमा डुली आगो जलाई हतियार खोसी पार्टीलाई बुझाए । त्यही घटनामा कालीबहादुर विक सहिद भएका थिए । कयौँ जनता घाइते भए । जनयुद्ध कालभरि कालीकोट जनताले प्रतिक्रियावादी राज्यसत्ताका ठुल्ठूला दमन र यातनाको पर्वाह नगरी ६/६ महिनाको दूधे बालख नवीनकुमार बिस्टदेखि ३ दिनकी सत्केरी सिउटा बटाला हुँदै ४३५ जनाको बलिदान हुँदा पनि सधैँ मुक्ति र परिवर्तनका पक्षमा दृढताका साथ लागिपर्नु यहाँका जनताको विशेषता भएको छ ।

दलाल संसदीय व्यवस्थाले तय गरेको यस निर्वाचनमा पनि कालीकोटका जनताले आफ्नो भूमिकालाई फेरि क्रान्ति र परिवर्तनका पक्षमा अङ्कित गरेका छन् । स्थानीय निर्वाचनमा पनि कालीकोट माल्कोटका जनताले साहस र बहादुरीका साथ आधुनिक हतियारले सुसज्जित प्रहरी र सेनालाई पराजित गर्दै मतपेटिका कब्जामा लिएका थिए । सोही क्रममा धनसरा बटाला एकीकृत जनक्रान्तिका प्रथम सहिद बने । कयौँ जनता घाइते भए ।

संसदीय व्यवस्थाद्वारा तय गरिएको सङ्घ र प्रादेशिक निर्वाचन हिमाली जिल्लामा पहिलो चरण ठोस गरेको थियो । सोही निर्वाचन खारेजीका लागि नेपाल कम्युनिस्ट पार्टी कालीकोटले सङ्गठन सुदृढ-विस्तार-जनपरिचालनमार्फत गाउँगाउँमा निर्वाचन खारेजी अभियान सञ्चालन गऱ्यो । अभियान उद्घाटन गर्ने क्रममा कात्तिक १२ गते कालीकोट जिल्लाको सदरमुकाम मान्ममा नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्माको उपस्थितिमा विशाल जनसभा सम्पन्न भयो । उक्त जनसभामा जिल्लाभरिका जनसमुदायमा आशा एवम् विश्वास पैदा भयो । त्यसैगरी कात्तिक २५ गते पोलिटब्युरो सदस्य भरत बम 'रणवीर' को उपस्थितिमा रास्कोट आरसीपी बजारमा व्यापक जनताको सहभागितामा सभा सम्पन्न भयो । कात्तिक २९ गते मान्ममा पनि भव्य जनसभा सम्पन्न भयो ।

जिल्लाभर सङ्गठन सुदृढ तथा विस्तार अभियान प्रभावकारी रह्यो । यसले दलाल संसदीय व्यवस्थाप्रतिको घृणा र आक्रोशलाई थप सतहमा ल्याइदियो । मङ्सिर १० गतेको निर्वाचनलाई केन्द्र बनाउँदै खारेजी अभियान प्रचारप्रसार तीव्र बनाएर लाने क्रममा कात्तिक ८ गते माल्कोटको सेरापाटा मतदान केन्द्रमा खटिएका नेपाली सेना र प्रहरीले गाउँमा पसेर घरको धुरीमा गाडिएको नेपाल कम्युनिस्ट पार्टीको झन्डा उखेलेर २ जना स्थानीय युवालाई गिरफ्तार गरी मतदान केन्द्र रहेको ठाउँमा पुऱ्याई माल्कोटका सम्पूर्ण वृद्धवृद्धा, केटाकेटी र महिला घरेलु हातहतियार लिएर प्रतिरोधमा उत्रिए । ८ गतेकै साँझ जनताका सामु नेपाली सेना र प्रहरीले माफी मागी झन्डा बुझाएर २ जना स्थानीय युवालाई छोडिदिए ।

त्यसैगरी रास्कोट क्षेत्रको आरसीपी बजारमा ८ गतेकै दिन नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवको भाषण गरेको सुनाइरहेको बेला सेना र प्रहरीले बन्द गर्न दबाब दिँदा त्यहाँका युवाले बन्द गर्न नमानेपछि निर्देशन वि.क. नामका एकजना युवकलाई गिरफ्तार गरे । सहिद विमलको नामबाट नामकरण गरिएको विमलगाउँका जनताले घरेलु हातहतियार लिएर प्रतिरोध गरी स्थानीय युवकलाई छुटाउन सफल भए ।

नेपाली सेना र प्रहरीको व्यवहारबाट आक्रोशित रास्कोट क्षेत्र र सिरखानाका युवाहरूले ९ गते साँझ मुम्रा सती किउटी बुथ केन्द्रमा साँझ ९ बजेदेखि ११ बजेसम्म २ घन्टा प्रहरी र सेनाका आधुनिक हतियारसँग ढुङ्गाले लडी मतपेटिका आफ्नो कब्जामा लिए । मतदान केन्द्र छोडी पुलिस र सेनाको भागदौड मच्चियो । पुलिसतर्फ असई गिरिराज भण्डारी, प्रहरी जवान रामबहादुर चौधरी गम्भीर घाइते भए । स्थानीय युवा टेक विश्वकर्मा र महेन्द्र शाही घाइते भए । दस गते दिनभर जनयुद्धको झझल्को आउने गरी आकाशमा हेलिकप्टरबाट फाइरिङ गऱ्यो । गाउँगाउँमा ' दलाल संसदीय व्यवस्था मुर्दावाद, सङ्घ र प्रदेशको चुनाव खारेज गर' भन्ने नाराहरू घन्किरहे । नेपाली सेना र प्रहरीलाई आफ्नो ज्यान जोगाउन हैरान भएको देखियो । वास्तवमा मत केन्द्रमा जनताको उपस्थिति न्यून नै देखियो । राजनीतिक दलका प्रतिनिधिहरूले फर्जी मत खसालेर ५७ प्रतिशत मत खस्यो भन्ने बकबास र भ्रमहरू छरे ।

कालीकोट जिल्लाको सन्दर्भमा ६४ हजार मतदातामा ३५ हजार मात्र मत खस्यो । अरू सबै जनता खारेजीका पक्षमा उभिए । वास्तवमा जनताले आफ्नो अधिकार प्रयोग गर्ने भन्दा पनि अन्तर्राष्ट्रिय कानुनी मान्यताविपरीत राज्यले सेना र सशस्त्र प्रहरी परिचालन गरी जनतालाई तानाशाही शैलीमा हतियारको बलमा निर्वाचन गर्दा पनि वास्तवमा जनताले आफ्नो तागत देखाएरै छाडे । आधुनिक हतियारको पराजय भएको छ ।

यी समग्र स्थिति हेर्दा दलाल संसदीय व्यवस्थाप्रतिको जनताको घृणा र आक्रोश पैदा भएको छ । जनतामा 'जति जोगी आए पनि कानै च्यातिएका' भन्ने उखान जनजिब्रोमा झुन्डिएको छ । संसदीय व्यवस्थाका राजनीतिक दल र तिनका नेताप्रति पूरै अविश्वास पैदा भएको छ । राजनीतिक दलले आफ्नो सङ्कट टार्नका निम्ति वाम गठबन्धन भने पनि दलाल तस्कर, भ्रष्ट जन्माउने थलो साबित भएको छ । देशमा राष्ट्रघात र जनघातले सीमा नाघेको छ । राष्ट्रियता, जनतन्त्र, जनजीविका, शिक्षा, स्वास्थ्य, रोजगारजस्तो महत्वपूर्ण विषय दलाल राष्ट्रघातीहरूको अपहरणमा परेको छ । संसदीय व्यवस्था चिहानघाटमा पुगिसकेको छ । यसलाई ब्युँताउन दलालहरूले राष्ट्रघाती, बुद्धिजीवी, जनताका पक्षधर शक्तिहरूले राष्ट्र स्वाधीन बनाउन, देशमुक्त गर्न नेपाली जनतालाई अधिकार सम्पन्न गराउन यो संसदीय व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवाद स्थापनाका लागि अगाडि बढ्नुपर्ने आजको आवश्यकता बनेको छ ।

## माओवाद, जनयुद्ध र ...

स्वतन्त्र पुँजीवाद आएको तर त्यो पुँजीवादले वर्गसङ्घर्ष पैदा गर्ने कुरा बताउनुभयो । साथै पुँजीवादले आफ्नो चिहान खन्ने वर्गको जन्म दिँदै जाने र त्यो वर्गसङ्घर्षको परिणामस्वरूप पुँजीवादको अन्त्य हुने र त्यसको ठाउँमा समाजवाद आउने बताउनुभयो । मार्क्सको समयमा समाजवादको चर्चा भइरहेको हुन्थ्यो तर त्यो काल्पनिक समाजवाद थियो । मार्क्सले पुँजीपतिवर्गको अधिनायकत्वमा चलेको बुर्जुवावर्ग वर्गसङ्घर्सको प्रक्रियामा पराजित हुने र त्यसको ठाउँमा सर्वहारावर्गको अधिनायकत्व भएको समाजवादी सत्ता अथवा वैज्ञानिक समाजवाद स्थापना हुने बताउनुभयो । त्यस्तै वर्गीय अधिनायकत्व भएको समाजवादी समाज वर्गसङ्घर्षको प्रक्रियाबाट अन्ततः वर्गविहीन साम्यवादमा रूपान्तरित हुने बताउनुभयो ।

लेनिनले महान् अक्टोबर क्रान्तिको प्रक्रियामा मार्क्सवादलाई मार्क्सवाद-लेनिनवादमा विकास गर्नुभयो । लेनिनले यसरी मार्क्सवादका तीन प्रवर्गहरू भौतिकवादी दर्शन, राजनीतिक अर्थशास्त्र तथा वैज्ञानिक समाजवादलाई मार्क्सीय समयमा जसरी बुझिन्थ्यो त्योभन्दा धेरै व्याख्या/विश्लेषण गर्नुभयो । मार्क्सको समयमा भन्दा लेनिनको समयमा यी तीनवटै क्षेत्रमा कयौँ परिवर्तनहरू भइसकेका थिए । धेरै कुराहरू विकास भइसकेका थिए । लेनिनले मार्क्सवादलाई दह्रोसँग पकड्नुभयो र यी सबै क्षेत्रमा विकास गर्नुभयो । लेनिनले भौतिकवादी दर्शनमा एकता-सङ्घर्ष-एकताको दर्शनका रूपमा विकास गर्नुभयो । राजनीतिक अर्थशास्त्रमा साम्राज्यवादको विकास, यसको एकाधिकार, परजीवी र मरणोन्मुख चरित्र स्पष्ट गर्नुभयो । त्यस्तै वैज्ञानिक समाजवादका क्षेत्रमा वर्गसङ्घर्षको विधि, त्यसका लागि सर्वहारावर्गको अग्रदस्ताको सङ्गठित शक्तिको आवश्यकताका बारेमा स्पष्ट व्याख्या र व्यवहार प्रस्तुत गर्नुभयो जसले महान् रुसी अक्टोबर क्रान्ति सम्पन्न गर्न सम्भव भयो ।

त्यस्तै चीनजस्तो अर्धसामन्ती अर्धऔपनिवेशिक देशमा महान् चिनियाँ नयाँ जनवादी क्रान्ति र त्यसको डेढ दशकमै समाजवादी समाजभित्रै उत्पन्न भएको वर्गसङ्घर्षको समाधान गर्ने सन्दर्भमा पैदा भएको महान् सर्वहारावादी सांस्कृतिक क्रान्ति गर्दा माओ त्सेतुङले मार्क्सवाद-लेनिनवादलाई मार्क्सवाद-लेनिनवाद-माओवादमा विकास गर्नुभयो ।

मार्क्सवाद-लेनिनवाद-माओवाद अथवा माओवादमा विकास गर्दा पनि माओले तिनै तीन प्रवर्गमा विकास गर्नुभएको थियो । द्वन्द्वात्मक भौतिकवादी दर्शनमा माओले एकता-सङ्घर्ष-रूपान्तरण, दुईको एकमा संयोजन होइन, एकको दुईमा विभाजन भन्ने सिद्धान्तको विकास गर्नुभयो । राजनीतिक अर्थशास्त्रको क्षेत्रमा साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा चीनजस्ता अल्पविकसित देशहरूमा अर्धसामन्ती अर्धऔपनिवेशिक आर्थिक प्रणाली रहने र ती देशहरूमा समाजवादमा जानका लागि पुँजीवादको विकास गर्न आवश्यक नपर्ने बरु सर्वहारावर्गको नेतृत्व र जनताको जनवादी अधिनायकत्वमा पुँजीवादी अधिनायकत्व अन्त्य गरी नयाँ जनवादी सत्ता स्थापना गर्न सकिने जसबाट समाजवादी आर्थिक आधार र राजनीतिक उपरिसंरचनाको विकास गर्न सकिने बताउनुभयो । वैज्ञानिक समाजवादका क्षेत्रमा माओले समाजवादी क्रान्तिभित्र निरन्तर क्रान्तिको सिद्धान्त प्रतिपादन गर्नुभयो । मार्क्सले भन्नुभएको थियो- कम्युनिस्टहरूको ऐतिहासिक कार्य भनेको समाजमा वर्गविभाजन गर्ने पुरानो सम्पूर्ण उत्पादन सम्बन्धको अन्त्य गर्नु, त्यो उत्पादन सम्बन्धको जगमा उभिएको सामाजिक सम्बन्धको अन्त्य गर्नु, त्यो सामाजिक सम्बन्धबाट विकास भएको पुरानो संस्कृतिको अन्त्य गर्नु र समाजमा रहेको संस्कृतिबाट पैदा भएको चेतनामा निरन्तर क्रान्तीकरण गर्नु हो । महान् सर्वहारावादी सांस्कृतिक क्रान्तिले ठीक त्यही काम गरेको थियो जो मार्क्सले कम्युनिस्टहरूको ऐतिहासिक कार्यभारका रूपमा विश्लेषण गर्नुभएको थियो ।

मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिनले जस्तै माओले समाज विकासका क्रममा देखापर्ने सुधारवाद, आत्मसमर्पणवाद, जुझारु अर्थवाद, भँडुवा विकासवादलगायत सबै प्रकारका संशोधनवादका विरुद्ध निर्मम प्रकारको सङ्घर्ष गर्नुभयो जुन सङ्घर्षको परिणामस्वरूप नै चीनजस्तो आर्थिक रूपले अति पिछडिएको जनतालाई राजनीतिक रूपले सबैभन्दा अग्रगामी अवस्थामा पुऱ्याउनुभयो र चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नुभयो । समाजको विकाससँगै अन्तरनिहित अन्तर्विरोधहरू पनि भिन्न तरिकाले विकास भएका हुन्छन् । यी भिन्न अन्तर्विरोधहरूमा मार्क्सवादले सुधारवाद, संशोधनवादका विरुद्ध त्यही प्रकारले सङ्घर्ष गर्दै आएको छ । यसलाई लेनिनले 'ठोस परिस्थितिको ठोस विश्लेषण' भन्नुभएजस्तै मार्क्सवाद-लेनिनवाद-माओवादले खास परिस्थितिमा पैदा भएका अन्तर्विरोधहरूलाई त्यही परिस्थितिअनुसार नै समाधान गर्दै आएको छ ।

मार्क्स, लेनिन र माओको समयदेखि अहिलेसम्म संशोधनवादको चरित्र वर्गसमन्वयवादी तथा आत्मसमर्पणवादी रहँदै आएको छ । बाकुनिनहरू होऊन् कि मिलेराँहरू, ट्राट्स्कीहरू होऊन् वा वाङमिङहरू सबै सुधारवादी संशोधनवादीहरूको एउटै चरित्र वर्गसमन्वयवाद तथा आत्मसमर्पणवाद हो तर त्यो संशोधनवादको प्रकृति भने फरक रहने गरेको छ । उन्नाईसौँ शताब्दीको संशोधनवादभन्दा बीसौँ र बीसौँ शताब्दीको संशोधनवादभन्दा एक्काईसौँ शताब्दीको संशोधनवाद फरक रहनु अनिवार्य सर्त हो किनभने समाजको विकासले सर्वहारावर्गभन्दा अर्को पक्षलाई पनि आफ्नो वर्गस्वार्थका लागि त्यही तरिकाले विकसित गरिरहेको हुन्छ तर यी सबै संशोधनवादको साझा नारा हुने गरेको छ- 'नयाँ र सिर्जनात्मकता ।' सबै संशोधनवादीहरूले मार्क्सवादलाई जडसूत्रवाद देख्ने गर्छन् । उनीहरूले वर्गसङ्घर्षभन्दा बाहिर वर्गसमन्वयको कुरा गर्छन् र क्रान्तिलाई कि काल्पनिक विषय ठान्छन् कि त षड्यन्त्रमूलक सैनिक कारबाही । उनीहरू क्रान्तिलाई आमजनताको विद्रोह भन्ने कल्पनासम्म गर्न सक्दैनन् । त्यसकारण उनीहरू जनताको तागतभन्दा बाहिर केही 'वीर' हरूको षड्यन्त्रमा क्रान्ति

... बाँकी पृष्ठ ५ मा

# चौतर्फी प्रहार नगर



६ जुन १९५०

पार्टीको सातौँ केन्द्रीय समितिको दोस्रो पूर्ण अधिवेशनदेखि यता हाम्रो पार्टीले नेतृत्व गरेको नयाँ जनवादी क्रान्तिमा राष्ट्रव्यापी रूपमा विजय प्राप्त भएको छ र जनगणतन्त्र चीनको स्थापना भएको छ । यो एक महान् विजय हो, चीनको इतिहासमा यस सरहको अर्को जोडा नभएको एक महान् विजय हो । कमरेड स्टालिन र अरू धेरै विदेशी कमरेडहरू सबैले चिनियाँ क्रान्तिको विजयलाई अत्यन्तै महान् विजय मानेका छन् । तैपनि सङ्घर्षप्रति अत्यन्तै अभ्यस्त हुनाको कारणले गर्दा हाम्रा धेरै कमरेडहरू यो कुरा स्वीकार गर्दैनन् । हामीले पार्टीभित्र र जनसमूहको माझमा चिनियाँ क्रान्तिको विजयको अजङ्ग ठूलो महत्वबारे व्यापक रूपबाट प्रचार गर्नुपर्दछ ।

यस महान् विजयको बीचमा हामीले ज्यादै जटिल सङ्घर्षहरू र थुप्रै कठिनाइहरूको सामना गर्नुपरेको थियो ।

सोह्र करोड जनसङ्ख्या भएको हाम्रो देशका उत्तरी भागहरूमा हामीले कृषि सुधारकार्य पूरा गरेका छौँ र यस कुरालाई अजङ्ग ठूलो उपलब्धिका रूपमा हामीले ठोकुवा गर्नु पर्दछ । हामीले मुख्यतः यिनै सोह्र करोड मानिसहरूमाथि भर परेर मुक्तियुद्धमा विजय प्राप्त गरेका हौँ । कृषि सुधारमाथिको विजयले नै च्याङ काई सेकको तख्ता पल्टाइदिने हाम्रो विजयलाई सम्भव तुल्याएको हो । सिङ्गो जमिनदार वर्गलाई पल्टाइदिन हामी शरदकालका करिब १३ करोड जनसङ्ख्या भएका विशाल क्षेत्रहरूमा कृषि सुधारकार्यको थालनी गर्नेछौँ । कृषि सुधारका क्षेत्रमा हाम्रा शत्रुहरू जति धेरै छन् त्यति नै शक्तिशाली पनि छन् । हाम्रो विरोधमा पङ्क्तिबद्ध भई तम्तयार भएका शत्रुहरू यसप्रकार छन् : एक, साम्राज्यवादीहरू; दुई, ताइवान र तिब्बतका प्रतिक्रियावादीहरू, तीन, क्वोमिन्ताङका रहलपहल फौजहरू, गुप्त दलालहरू र डाँकाहरू, चार, जमिनदार वर्ग, पाँच, साम्राज्यवादीहरूले चीनमा खोलेका मिसनरी स्कुलहरूमाभित्र प्रतिक्रियावादी शक्तिहरू र धार्मिक मण्डलीहरूका प्रतिक्रियावादी शक्तिहरू तथा हामीले क्वोमिन्ताङबाट लिएका सांस्कृतिक र शैक्षिक प्रतिष्ठानहरूमा रहेका प्रतिक्रियावादी शक्तिहरू । हाम्रा शत्रुहरू यिनै हुन् । हामीले यीमध्ये एकएकसँग लडेर पहिलेका भन्दा विशाल क्षेत्रहरूमा कृषि सुधारकार्य सम्पन्न गर्नुपरेको छ । यो इतिहासमा पहिले कहिल्यै नभएको एक कठोर सङ्घर्ष हो ।

यसबीच हामीले क्रान्तिमा प्राप्त गरेको विजयले सामाजिक अर्थव्यवस्थालाई पुनर्गठनको दिशातर्फ डोऱ्याएको छ । यस पुनर्गठनबाट केही कालका लागि हामीमाथि अवश्यम्भावी रूपबाट गह्रौँ बोझहरू आइलागेका छन् । यस पुनर्गठनको कारणबाट र युद्धले गर्दा उद्योग र व्यापारमा हुन गएको केही क्षतविक्षत अवस्थाको कारणबाट निकै मानिसहरू असन्तुष्ट भएका छन् । हाल राष्ट्रिय पुँजीवादीहरूसित हाम्रा सम्बन्धहरूमा ठूलो खिचातानी उत्पन्न भएको छ, यो वर्ग गम्भीर अनिश्चयको अवस्थामा पुगेर ज्यादै रुष्ट भएको छ । बेरोजगार बुद्धिजीवीहरू हामीसित असन्तुष्ट छन् र त्यसैगरी निकै नै हस्तशिल्पकारहरू पनि असन्तुष्ट छन् । अधिकांश ग्रामीण क्षेत्रहरूमा किसानहरू पनि गुनासो गरिरहेका छन् किनभने त्यहाँ अझै कृषि सुधारकार्य गरिएको छैन र त्यसबाहेक उनीहरूले राज्यलाई अनाज बुझाउनु परेको छ ।

हालको हाम्रो आम नीति के हो त ? हाम्रो नीति हो- क्वोमिन्ताङका रहलपहल फौजहरूलाई, गुप्त दलालहरूलाई र डाँकाहरूलाई सखाप पार्नु, जमिनदार वर्गको तख्ता पल्टाइदिनु, ताइवान र तिब्बतलाई मुक्त गर्नु र साम्राज्यवादसित आखिरीसम्म लड्नु । हाम्रा तत्कालका शत्रुहरूलाई एक्ल्याउने हेतुले हामीले हामीसँग असन्तुष्ट भएका जनतामाझका तत्वहरूलाई हाम्रा समर्थकका रूपमा परिणत गर्नैपर्छ । हाल यो काम कठिनाइहरूले जेलिएको भए तापनि हामीले हरसम्भव उपायबाट यसमाथि विजय प्राप्त गर्नैपर्छ ।

> हामीले आफ्नो काम राम्रोसँग गर्नुपर्छ ताकि सबै मजदुर, किसान र हस्तशिल्पकार हरूले हामीलाई समर्थन गरून् र राष्ट्रिय पुँजीपति वर्ग र बुद्धिजीवीहरूको अत्यधिक बहुसङ्ख्याले हाम्रो विरोध नगरून् । यसप्रकार क्वोमिन्ताङका रहलपहल फौजहरू, गुप्त दलालहरू र डाँकाहरू एक्लिनेछन् अनि हाम्रो देशका जनतासामु साम्राज्यवादीहरूले आफू एक्लो परेका देख्नेछन् ।

उद्योग र व्यापारमा हामीले उचित पुनर्समायोजन गर्नुपर्दछ ताकि उद्योगहरूलाई पुनः सञ्चालन गर्न र बेरोजगारीलाई हल गर्न सकियोस् । यसबाहेक हामीले दुई अर्ब क्याटी अनाज बेरोजगार मजदुरहरूलाई उपलब्ध गराई उनीहरूको समर्थन प्राप्त गर्नुपर्दछ । जब हामी कुत र ब्याज घटाउँछौँ, डाँकाहरू र स्थानीय अत्याचारीहरूलाई दबाउँछौँ र कृषि सुधार लागू गर्छौं तब किसान समुदायका जनसमूहहरूले हामीलाई समर्थन गर्नेछन् । हामीले लघु हस्तशिल्पकारहरूलाई पनि जीविकोपार्जनका उपायहरू खोज्न सघाउ पुऱ्याउनु पर्दछ । राष्ट्रिय पुँजीवादी वर्गसित हाम्रा सम्बन्धहरूलाई अझ बिग्रन दिनुको सट्टा तिनमा सुधार ल्याउनका लागि हामीले उद्योग र व्यापार तथा करप्रणालीमा उपयुक्त प्रकारका पुनर्समायोजनहरू लागू गर्नुपर्दछ । हामीले बुद्धिजीवीहरूका लागि विभिन्न प्रकारका तालिम पाठ्यक्रमहरू, सैनिक तथा राजनीतिक कलेजहरू र क्रान्तिकारी प्रतिष्ठानहरू सञ्चालन गर्नुपर्दछ र हामीले आफूलाई उनीहरूको सेवामा उपलब्ध गराई उनीहरूलाई शिक्षित तुल्याएर उनीहरूको पुनः संस्कार गर्नुपर्दछ । हामीले उनीहरूलाई सामाजिक विकासको इतिहास, ऐतिहासिक भौतिकवाद र अरू विषयहरूको अध्ययन गर्न लगाउनुपर्दछ । मानिसको सृष्टि ईश्वरले गरेको हो भनी उनीहरू भनून्; हामी भन्छौँ- मानिस बाँदरबाट विकसित भएको हो । केही बुद्धिजीवीहरू निकै पाको उमेरका छन्, उनीहरूको उमेर सत्तरी नाघिसकेको छ । त्यसैले उनीहरूले पार्टी र जनसरकारलाई समर्थन गरुन्जेलसम्म हामीले उनीहरूको खाइजीविकाको प्रबन्ध मिलाइदिनुपर्दछ ।

आफ्नो संयुक्त मोर्चाको कार्यलाई सफल पार्नका लागि सिङ्गो पार्टीले तत्परतासाथ र मरिमेटेर कोसिस गर्नुपर्दछ । निम्न पुँजीवादी वर्ग र राष्ट्रिय पुँजीवादी वर्गलाई मजदुर वर्गको नेतृत्वमा र मजदुर-किसान सहयोगका आधारमा एकजुट पार्नु पर्दछ । अन्ततोगत्वा राष्ट्रिय पुँजीवादी वर्गको अस्तित्व मेटाएर जानेछ तर यस चरणमा भने हामीले तिनीहरूलाई धकेलेर पर सार्ने काम नगरी हाम्रै वरिपरि एकजुट पार्नुपर्दछ । हामीले एकातिर उनीहरूसँग सङ्घर्ष गर्नुपर्दछ भने अर्कातिर उनीहरूसँग एकताबद्ध हुनुपर्दछ । हामीले क्याडरहरूलाई यो कुरा स्पष्टसँग बताइदिनुपर्दछ र राष्ट्रिय पुँजीपति वर्ग, जनवादी पार्टीहरू, जनवादी व्यक्तिहरू र बुद्धिजीवीहरूसित एकताबद्ध हुनु सही र जरुरी छ भन्ने कुरा हामीले उनीहरूलाई तथ्यहरूका आधारमा देखाइदिनुपर्छ । अघि उनीहरूमध्ये धेरैजसो हाम्रा शत्रु थिए तर अहिले आएर उनीहरू शत्रुको शिविर सित सम्बन्धविच्छेद गरी हामीतिर लागेका हुनाले धेरै वा थोरै मात्रामा एकताबद्ध हुन सकिने जति यस्ता सबै मानिसहरूसित हामीले एकताबद्ध हुनुपर्छ । उनीहरूसित एकताबद्ध हुनु भनेको श्रमिक जनताको हितअनुकूल कुरा हो । हाल हामीले यिनै कार्यनीतिहरू अँगाल्नु पर्दछ ।

अल्पसङ्ख्यक जातिहरूसित एकताबद्ध हुनु एकदमै जरुरी छ । सिङ्गो देशभरिमा यस्ता मानिसहरूको सङ्ख्या तीन करोडजति छ । उनीहरूका क्षेत्रमा सामाजिक सुधार गर्ने कुराको ज्यादै महत्व छ र यस्तो सुधारलाई बडो सावधानीका साथ लागू गर्नुपर्दछ । हामीले कुनै हालतमा पनि उत्ताउलो हुनु हुँदैन किनभने अधैर्यले झमेला उत्पन्न गर्नसक्छ । परिस्थिति परिपक्व नभई सुधारकार्य गर्नु हुँदैन । सुधार कत्ति पनि गर्नै हुन्न भन्न खोजिएको चाहिँ निश्चय नै होइन । साझा कार्यक्रमले निर्दिष्ट गरेअनुसार अल्पसङ्ख्यक जातिहरूका क्षेत्रहरूका चालचलनहरू र लोक व्यवहारहरूमा सुधार गर्न सकिनेछ । तर अल्पसङ्ख्यक जातिहरूका क्षेत्रहरूका चालचलनहरू र लोकव्यवहारहरूमा सुधार गर्न सकिनेछ । तर अल्पसङ्ख्यक जातिले आफैँ त्यस्ता सुधारहरू गर्नुपर्दछ । जनसमर्थनबिना, जनसशस्त्र सेनाबिना र अल्पसङ्ख्यक जातिहरूका आफ्नै क्याडरहरूबिना जनव्यापी चरित्रको सुधार गर्ने कोसिस गर्नै हुँदैन । हामीले उनीहरूलाई उनीहरूका आफ्नै क्याडरहरूलाई प्रशिक्षित गराउनमा मद्दत गरी अल्पसङ्ख्यक जातिहरूका जनसमूहहरूसँग एकताबद्ध हुनैपर्छ ।

छोटकरीमा भन्ने हो भने हामीले चौतर्फी प्रहार गर्नु हुँदैन । चौतर्फी प्रहार गर्नु अवाञ्छित कुरा हो किनभने यसो गर्नाले राष्ट्रव्यापी रूपमा खिचातानी उत्पन्न हुनसक्छ । हामीले निश्चित नै अचाक्ली धेरै शत्रु बनाउनु हुँदैन । हामीले कतिपय क्षेत्रमा छूटहरू दिएर खिचातानीलाई मत्थर पार्नैपर्छ र आक्रमणलाई एकै दिशातर्फ केन्द्रित गर्नैपर्छ । हामीले आफ्नो काम राम्रोसँग गर्नुपर्छ ताकि सबै मजदुर, किसान र हस्तशिल्पकार हरूले हामीलाई समर्थन गरून् र राष्ट्रिय पुँजीपति वर्ग र बुद्धिजीवीहरूको अत्यधिक बहुसङ्ख्याले हाम्रो विरोध नगरून् । यसप्रकार क्वोमिन्ताङका रहलपहल फौजहरू, गुप्त दलालहरू र डाँकाहरू एक्लिनेछन् अनि हाम्रो देशका जनतासामु साम्राज्यवादीहरूले आफू एक्लो परेका देख्नेछन् । हाम्रो नीति यही हो, हाम्रो रणनीति र कार्यनीति यही हो र पार्टीको सातौँ केन्द्रीय समितिको तेस्रो पूर्ण अधिवेशनको कार्यदिशा यही नै हो ।

(स्रोत : माओ त्से तुङका संकलित रचनाहरु, भाग ५)

*संस्मरण*

# जनयुद्धको डायरी



*एकराज भण्डारी*

**२०६१ साल मंसिर ५ गते शनिबार**

म D5 को सुर्खेत जिल्लाको बाबियाचौर चतुरेमा छु । न्यायसम्बन्धी जनसत्ताको प्रशिक्षण कार्यक्रमको लागि करीब एक हप्ता बस्नु पर्ने भएको छ । यस जिल्लाका न्याय विभागका चारजना साथीहरू क. यात्री, क. पदम, क. तोसी र क. कमल समेतका करिब १५ जना कमरेडहरू छौं । यहाँ भर्खरै एउटा कर्तव्य ज्यानसम्बन्धी दुःखद घटना भएको रहेछ । यस विषयमा पीडितको उजुरीको आधारमा दोषी भनेर जनसत्ताले स्थानीय डबल सिंहलाई पक्राउ गरेर छानबिन गर्दै रहेछ । यसै विषयमा आज बिहान यसबारे सार्वजनिक रूपमा छलफल गर्ने भनेर स्थानीय जनसत्ताका न्याय विभागका कमरेडहरू तयारीमा हुनुहुँदो रहेछ । छलफलमा मलाई पनि आमन्त्रित गरियो ।

जनसत्ता र न्यायिक मामलाका विषयमा स्थानीय जनतासहितको सहभागितामा व्यापक छलफल गरियो । पीडित र पक्राउ परेका व्यक्तिहरूका कुरा पनि सार्वजनिक रूपमा सुनुवाइ भयो । छलफल स्थगित भएपछि मलाई फुर्सद भयो । त्यसपछि म स्थानीय कमरेडहरूले हाम्रा लागि तयार गरिएको एउटा शेल्टरमा आइपुगेँ । हामी बसेको शेल्टर स्थानीय पुलामी थरका मानिसको हो, नामचाहिँ थाह भएन ।

बिहान बेलुका अलि जाडो छ यहाँ बिहान त १०/११ बजेसम्म हुस्सु लाग्छ तपतप शीत झर्छ । खाना खाइवरी नजिकैको कुलोमा १२ बजेतिर नुहाउन गयौं । पारिलो घाम लागेको छ । नुहायौं पनि । मसँग भएभरका लुगामध्ये एउटा पातलो रातो स्वेटर र एउटा ट्राउजर बाहेक अन्य सबै लुगा, झोला र स्लिपिङ ब्याग समेत धोएर घाममा सुकाएँ । लुगा सुकिसकेका छैनन् । दुई पनि बज्यो । प्रशिक्षण कार्यक्रम साढे दुईबजेपछि शुरु हुने भनिएको छ । घाममा बसेर सुन्तला खाइरहेका छौं । एकाएक गडम्म बन्दुकको आवाज आयो । के हो? कता हो? सतर्क भएर चनाखो रूपमा सबैले यताउति हेर्न थाल्यौं । ३० सेकेन्डमै अर्को यस्तै आवाज दुईचोटी आयो, यो के हो? क. तोसीले यो त एसएमजीको आवाज हो बुझ्न पर्छ है भन्दै भऱ्याङ ओर्लनुभयो । ३० सेकेन्डमै पुनः पटटट गर्दै लगातारको बन्दुकको आवाज आयो । यो आवाज नजिकैको जस्तो लाग्यो । "ठोक,! ठोक!" को आवाज पनि सुनियो । अब हामी प्रष्ट भयौं, यो फायर दुश्मन शाहीसेनाको हो भनेर । किनकी यसखालको अटो गनसहितको जनमुक्ति सेनाको टिम यता नजिक छैन भन्ने कुरा हामीलाई पहिल्यै थाहा थियो । घरको बार्दलीमा सुकाएका चिसा लुगा फटाफट एउटा प्लास्टिकको थैलोमा कोचारेँ । हत्तपत्त जुत्ता लगाएँ । दुईवटा झोला समातेँ । हामी सबै फटाफट भऱ्याङ ओर्लियौं । यताउति साइडमा फाट्ट फुट्ट घरहरू छन् । बीचमा तोरी बारी छ अनी जोतेको बाँझो बारी छ । हामी तोरीबारी हुँदै फटाफट उतरतिर जंगलतिर दौडिन थाल्यौं । जंगलकै छेउमा एउटा प्रा.बि स्कूल छ । स्कूलसँगै जंगल छ । मेरो पिठ्यूमा एउटा र हातमा एउटा गरी दुइवटा झोला छन् । खुब दौडेँ । फायरिङ गर्दै दुश्मन सेना हामीलाई लखेट्दै आइरहेको छ । जोतेको ठुल्ठुला डल्ला भएको बारी हुँदै कस्सिएर दौडिदै छु । अरु कमरेडहरू अगाडि दौडे कतातिर लागे थाहा भएन । म धेरै दौडन सकिरहेको छैन । स्याँ स्याँ बढिरहेको छ । सास फेर्न गाह्रो भइरहेको छ । खुट्टा पनि चाल्न गाह्रो भइरहेको छ । तै पनि दौडिरहेको छु । पछाडिबाट एकजना महिलाले म तिर संकेत गर्दै "छिटो छिटो दौड, भाग, छिटो भाग, आइसक्यो, नजिकै आयो, छिटो भाग बाबू, छिटो भाग" भन्दै आत्तिएर मलाई भनिरहनुभएको छ ।

म र स्थानीय कमरेड यात्रीसँगै जोडतोडले दौडिरहेका छौं । हामी दुवै जना जंगलभित्र पस्न सफल भयौं । ठूल्ठूला साल, साज र अरु जातका स-साना बुट्यानहरू भएको घना जंगल छ । हात गल्यो । झोला बोकेर दौडन साह्रै गाह्रो भयो, थाम्नै सकिनँ । अनि दुवै झोला सुरक्षित जस्तो देखिने झाडीमा फालेर अगाडि बढ्यौं । लगभग दुईसय मिटर अगाडि गैसकेपछि सानो खोल्सो भेटियो । खोल्साको किनारमा रहेको बुट्यानभित्र पस्यौं र गुजुल्टिएर बस्यौं बन्दुक को आवाज आइरहेको छ गोलीहरू नजिकै खसेको आवाजहरू आइरहेको छ । यतिखेरै आकाशमा हवाईजहाज आयो हामीले अनुमान लगायौं यो पक्कै जासुस जहाज हो, अब एकछिन पछि हेलिकप्टर आउनेछ र बमबार्ड गर्नेछ । त्यसैले जासुस जहाजबाट नदेखीयोस् भनेर लगाएको रातो स्वीटर फुकाले । तर त्यो जहाज फेरी फर्केन हामीहरू यो झाडीमा निकैबेर चुपचाप बस्यौं । पाँच पनि बज्यो । एकजना स्थानीय व्यक्ति घट्टको कुलो मर्मत गर्न आउनुभएको रहेछ । उहाँले हामीलाई देखेर शुरुमा त डराउनु भयो । पछि नजिक बोलायौं र उहाँलाई आफ्नो परिचय दिदै उहाँसँग केही कुरा बुझ्न खोज्यौं । उहाँलाई केही पनि थाहा रहेनछ । यहाँबाट पूर्वतिर बराइचे गाउँ नजिकै छ भन्ने कुरा थाहा भयो र लाग्यौं उतैतिर । जंगलको अलि अग्लो स्थानमा गएर एकछिन बस्यौं । बाबियाचौर बजारबाट हाटबजारको किनमेल सकेर घरतिर फर्कंदै गरेका एउटा आठ/दस वर्षको बच्चासहित एकजना महिला आउँदै हुनुहुँदो रहेछ । आज शनिबार । बाबियाचौर बजारमा हटिया लाग्छ । यी आमा छोरा पनि हटियाबाट घर फर्कंदैछन् । हामीलाई देख्नेबित्तिकै उहाँ अलि डराएजस्तो गर्नुभो र भन्नुभोः- "शाही सेना आएको छ, बाबियाचौरको विद्याज्योति मा.वि.मा बसेको छ । दुई तिन जना मानिसलाई पक्राउ गरिसक्यो । तपाइँहरू को हो ? यहाँ किन आउनु भएको ? ज्यान जोगाउनुस् है ।"

यतिखेर ५ः४५ बजिसक्यो । हामी बसेको जंगलको डाँडो दुश्मन बसेको ठाउँदेखि करिब डेढ किलोमिटरको दुरीमा छौं । एकचोटी बम ब्लास्ट भएको ठूलै आवाज आयो । यो आवाज बमको नै हो भन्ने हामीले अनुमान गऱ्यौं । साँझ पर्दैछ । यो जुनेली रात हो । अब हामी गाउँतिर हिड्दैछौं । बम पड्केको बारे हामीले अनुमान गऱ्यौं कि, यो बम पक्कै पनि दुश्मन सेनाले जनसत्ताको कार्यालयमा पड्काएको हुनुपर्छ । दुश्मन सेनाले स्थानीयलाई धरपकड गर्ने, पक्राउ गरेर यातना दिन सक्ने भएकोले त्यसबारेमा हामी एकदमै चिन्तित छौं ।

क. कमल, क. अनुकूल र क. ऋषिराज बराल पनि त्यतैकतै हुनुहुन्थ्यो, के भयो होला । यसले पनि हामीलाई चिन्तित बनायो । हामी जंगलको सानो खोल्सो पार गरी पूर्वतर्फको गाउँतिर लाग्यौं । जंगल नजिकैको एउटा घरमा पुग्यौं । पानी मागेर पियौं । यो घर स्थानीय शिक्षक कृष्णबहादुर बि.सी.को रहेछ । हामीलाई यहाँ आएपछि थप जानकारी भयो कि, बाबियाचौरका जनसत्ताका उपप्रमुख चन्द्रबहादुर नेपालीलाई पक्राउ गरिएछ । उहाँलाई शाही सेनाले पिटेको सबैले देखेका रहेछन् । चन्द्रबहादुर नेपाली यो ठाउँमा मिलनसार, समाजसेवी भनेर चिनिने स्थापित नाम हो । उहाँलाई सबैले मनपराउँदा रहेछन् । उहाँलाई सम्झेर कृष्णबहादुर सरले पनि चिन्ता गर्नुभयो ।

कृष्ण सर र उहाँको परिवार एकदमै मिजासिलो हुनुहुँदो रहेछ । हामीले बेलुकीको खाना पनि यहीँ खायौं । मलाई केही समयदेखि आउँ परेको कारण सञ्चो छैन । मेरो यो पेटसम्बन्धी पुरानै समस्या हो । खाना पनि थोरै खाएँ । म सधैं उमालेको पानी पिउने गर्छु । मसँग भएको एक लिटरको थर्मस र एक लिटर उमालेको पानी अट्ने बोतल पनि झोलासँगै जंगलमै छुट्यो । मसँग २०० मिलिलिटर अट्ने सानो बोतल छ । पानी उमाल्न लगाएर त्यसमा भरेँ ।

मेरो जीउमा लगाएको एउटा पातलो रातो स्वेटर र ट्राउजर मात्रै भएकोले जाडो खूब लाग्यो । मेरो अवस्था देखेर आफ्नो परिवारको सदस्यलाई कृष्ण सरले एउटा ज्याकेट दिन भन्नुभयो । एकजना बच्चाले केही धूलोजस्तो भएको गुटुमुटु परेको एउटा ज्याकेट ल्याएर दिए । मैले पनि जाडोमा यही भएपनि लगाउँछु भनेर टकटक्याएँ र

... बाँकी पृष्ठ ७ मा

■ यात्रा डायरी

# सुन्दर सपना बोकेर कमरेड माओको देशमा



अशोक सुवेदी

(१८ भदौ, २०७३)

'विस्फोटक पदार्थ फेलापऱ्यो' भन्दै छेन्दु एयरपोर्टमै अलप पारिएको सुटकेस भेटिएको खुसी र बेइजिङ एयरपोर्ट टर्मिनलको रिमझिमसँगै 'फर्स्ट एड' खोज्दै र ब्याग घिसार्दै भौँतारिँदा एउटा पातलो-पातलो केटा स्वागत गर्न आइपुग्छ बास बस्ने होटेलको सिफारिस गर्दै । हामी होटेलको भाडा सोध्छौँ अलि लापर्बाहीपूर्वक किनकि हाम्रो पहिलो ध्यान सहयात्री माणिक लामाको हातको घाउमा मलमपट्टी गर्नेतिर हुन्छ । टर्मिनलमा ट्रान्जिट समय कटाउन यत्रतत्र सफा भुइँमा सुतिरहेका मान्छेहरूले भारततिरका रेल स्टेसनको पनि झझल्को गराउँछन् । प्राथमिक उपचारकले ५० युआन लिनुअघि घाउ पुछेर एउटा टेप बाँधिदिन्छ र केही टेप पनि थमाउँछ । हामी फर्केर जाँदा पनि होटेलवाला हामीलाई पर्खेझैँ हामीतिरै आउँछ । उसले ३०० युआन भन्छ प्रतिरातको । रातको १२ बजिसकेको छ । हामी उसलाई तीन रात बस्दा प्रतिरात २५० युआनसम्ममा हुन्छ कि भनेर सोध्छौँ । ऊ लोभिन्छ र हामीलाई लिएर होटेलको कोठातिर डोऱ्याउँछ । हाम्रा झोलाहरू डिक्कीतिर हालिदिँदै हामीलाई सिटमा राखेर २-४ मिनेट समय मागेर अरू २-३ समूह लिएर आउँछ र हामीलाई होटेलतिर बिदा गरेर अलप हुन्छ । होटेलमा आइपुगेपछि थाहा हुन्छ, बिहान ब्रेकफास्ट पाइने भए पनि खानाको व्यवस्था छैन । काउन्टरमा दर्ता गरिसकेपछि आडैको डिपार्टमेन्टल स्टोरतिर देखाइदिन्छे एउटी चिनियाँ युवतीले ।

डिपार्टमेन्टल स्टोरमा गएर १/२ पाउन्ड पाउरोटी र ४ बोतल पानी, एउटा कप आदि लिएर फर्कन्छु । मभन्दा ७/८ वर्ष जेठा माणिक सर थकाइ, तनाव, हातको दुखाइ आदिले लखतरान भइरहेको पाउँछु । मुस्किलले १/२ टुक्रा पाउरोटी चपाएर उहाँ हाँहाँहुँहुँ गर्दै ढल्किनुहुन्छ । पाउरोटीसँग औषधि खाएर म पनि पल्टिन्छु । नेपालको समय १ बजिसकेको छ रातको । बेइजिङको घडीले ३ बजाइसकेको छ ।

बिहान उठ्दा माणिक सरलाई नुहाइधुवाइ तयार र ताजा पाउँछु । बेलुका खाना नखाएकाले माणिक सर भोकले ढल्न मात्र बाँकी हुनुहुन्छ । सामान किन्दाकिन्दै ११ बजिसक्छ । सँगैको होटेलमा गएर दुई ठाउँमा 'राइस' र एक ठाउँमा 'फिस' मगाउँदै एउटा सानो कोक पिउन थाल्छौँ । थालभरिको तात्तातो सग्लो माछा आउनासाथ माणिक सरका हातका काँटाचम्चा सग्बगाउन थाल्छन् । भुटेको भात आउन्जेल बिचरो माछाको केही काँडा, टाउको र हाडाखोर मात्र बाँकी हुन्छ ।

खाना सकेपछि हामी काउन्टरमा पैसा बुझाउन जाँदा तियानमेन स्क्वायर (जहाँ कमरेड माओ त्सेतुङको शव छ) मा जान ट्याक्सी-कारका लागि अनुरोध गर्छौं । ८०० युआनबाट घटाएर ५०० मा युआनमा भाउ मिलेपछि माओका शव रहेको भवन, तियानमेन स्क्वायर, ग्रेट हल अफ द पिपुललगायत स्थानका लागि हामी प्रस्थान गर्छौं । १ बजेतिर तियानमेन भवनमा प्रवेशका लागि टिकट लिएर केही तस्बिर खिचाएपछि हाम्रो प्रस्थान माओको शव रहेको भवनतिर हुन्छ । केही अलमल र सोधपुछपछि हामी माओको शव रहेको स्थलतिर अघि बढ्छौँ । तर ८ देखि १२ बजेसम्म मात्र हेर्न पाइने माओको शव भवन हामी पुग्दा बन्द भएको २ घन्टा भइसेकेको हुन्छ । उता राष्ट्रिय सङ्ग्रहालय पनि बन्द भइसकेको हुन्छ । ग्रेट हल अफ द पिपुलको पास वा भ्रमणका लागि अग्रीम बुकिङ गर्नुपर्ने पनि हामीलाई थाहा हुँदैन । बाहिरबाहिर केही फोटा खिचाउँछौँ ।

**माओको शव अवलोकन : जीवनको एक सफल क्षण**

(१९ भदौ, २०७३)

होटेल म्यानेजरसँग निकै लामो भलाकुसारी भयो हिजो बेलुका । कमरेड माओप्रति अगाध स्नेह रहेछ उनको पनि । हामी माओवादी हौँ भन्ने थाहा पाएपछि उनी बारम्बार भनिरहन्छन्- नो माओ नो चाइना, माओ इज गड अफ इस्ट आदि । उनी पनि बेइजिङदेखि ५०० माइल पूर्वको एउटा काउन्टीका चिनियाँ कम्युनिस्ट पार्टीका सदस्य रहेछन् । रातो खबरको भिजिटिङ कार्डमा रहेको कम्युनिस्ट पार्टीको झन्डा देखेपछि उनले भनेका थिए- हामी सबै कम्युनिस्ट पार्टीका सदस्य । उनी जनगणतन्त्र कोरिया (उत्तरकोरिया) जाँदैछौँ भन्ने थाहा पाएपछि अलि त्रसित बनेजस्तो भाव प्रकट गरे । समाजवादबाट स्खलित चीन र सत्तासीन कम्युनिस्ट पार्टीका सदस्यले त्यस्तो भाव प्रकट गर्नु सामान्य थियो । मेरो जनयुद्धकालीन कथासङ्ग्रह 'नयाँ बस्ती' दिएँ । उनले नेपाली भाषा नबुझे पनि नेपालका बारेमा धेरथोर सुनेको बताए । माओप्रतिको हाम्रो लगाव र हामी माओवादी भएको सुनेपछि उनी हामी प्रति धेरै नै आकर्षित भएका थिए । शनिबार पनि उनैले ५०० युआनमा तियानमेन स्क्वायरसम्म जान, घुम्न र फर्किनका लागि ट्याक्सी व्यवस्था गरिदिएका थिए । हामी ढिला भएकाले माओ मेमोरियल हल, सङ्ग्रहालय, बजार आदि घुम्न/हेर्न नपाएको भनेपछि उनी पनि दुःखी देखिए । चिनियाँ कम्युनिस्ट पार्टी, सी जिङ पिङ, तेङ, जियाङ जेमिन, हुजिन्ताओ, चीनको आर्थिक विकास, राष्ट्रपति चयन प्रक्रिया, चीकपाका सदस्यलगायत विषयमा एक-डेढ घन्टा कुरा भएपछि माणिक लामा र उनीसँग तस्बिर खिचाइयो । उनले दिउँसो हामीलाई घुमाउन लैजाने चिनियाँ युवकलाई भोलि पनि घुमाउन लगिदेऊ भनेर अनुरोध गरे । आजको यात्रा माओको मेमोरियल हलदेखि ग्रेट हल अफ द पिपुल र ग्रेट वालसम्मको थियो । ५५० युआनमा मुस्किलले टुङ्गो लागेको बताउँदै उनले हाम्रो यात्राको सफलताको पनि कामना गरे । उनी आइतबार बिहानै श्रीमती र २ बालबच्चा भेट्न आफ्नो गाउँ जाँदै रहेछन् । उनले आफू पनि केही समयअघि श्रीमती र छोराछोरीलाई लिएर महान् माओको शव हेर्न गएको सुनाए । यो सुनाउँदा उनको अनुहार धेरै नै हँसिलो र मुग्ध देखियो ।

बिहान उठ्दा ६:४० बजिसकेको थियो । माणिक नित्यकर्म सकी गुनगुनाउन थालिसक्नुभएको थियो ।

हतारहतार तयार भएर खाजा खान होटेलमा झर्दा ७:३० भइसकेको थियो । हिजोका चिनियाँ युवक तयार भएर हामीलाई लिन 'ब्रेकफास्ट' गर्दै गरेको ठाउँमा आइपुगे । हामी कोदाको भक्कुजस्तै लाग्ने 'सी फुड', एउटा उसिनेको अन्डा र माडजस्तो अमिलो झोलको स्वाद लिँदै थियौँ, तमतम्याइँदो मुख पारेर ।

हामी कार चढ्दा ८ बज्न लागिसकेको थियो । हिजो ऊ गाडीमै बस्न चाहेको थियो, हामीले गाइडका रूपमा प्रयोग गर्दा अलि थकित देखिएको थियो । आज अलि कम फरासिलो देखेपछि क. मणिकलाई भनेँ- आज ड्राइभर अलि खुसी छैन । हुन पनि उसलाई मैले गाइड बनिदिन अलि निकै नै जोड गरेको थिएँ, पहिलो त ठाउँ पत्ता लगाउने समस्या, दोस्रो फोटो खिचिदिने मानिसको अभाव थियो ।

नभन्दै तियानमेन स्क्वायर काटेर १ किमिजति पर गाडी पार्किङ गरेर माथि उक्लिएपछि उसले रिसाएको लक्षण देखाउन थालिहाल्यो । हिजो हातैबाट झोला मागेर बोकिदिने मानिस आज माणिकले ब्याग दिँदा पनि लिन गाह्रो मानिरहेको थियो । हामी १ किमिजति फटाफट हिँडेर ग्रेट हल अफ द पिपुलको उत्तर दिशातिर दर्जनौँ लाम लगाएर उभिएका हजारौँ मानिसको हूलमा लाम लाग्यौँ । भीड हेर्दा लाग्थ्यो, हाम्रो देशमा पशुपति मन्दिरको 'दर्शन' गर्न भक्तजनहरू शिवरात्रीमा लाम लागिरहेका छन् । महान् माओका योगदानहरूको स्मरण र कदर गर्दै दैनिक दसौँ हजार मानिस माओको शव हेर्न यसरी लाम लागेको ४० वर्ष भइसकेको छ । क. माणिक र मैले लाममै हिसाब गऱ्यौँ, ५० करोडभन्दा बढी मानिसले दैनिक यसरी नै लाम लागेर माओको विशालकाय लम्पसार शरीरलाई हेरिसकेका छन् र यो कत्ति रोकिएको छैन । ८० वर्ष कटेका वृद्धवृद्धादेखि बालबालिकासम्म, अपाङ्गता भएकादेखि तरुनातन्नेरीसम्म सबै हातहातमा चीकपाको झन्डा बोकेर मोबाइलमा नेट खोलेर च्याट गर्दै माओको शव हेर्न आतुर भएर लाम लागिरहेछन् ।

सुरक्षा जाँच कडा छ । सैनिक महिला-पुरुषले पोसाक र शरीरका सबै भाग खान्तलासी गरिरहेका छन् । झोला र क्यामेरा बोक्न प्रतिबन्ध भएकाले ड्राइभरले बाहिरै राखेका छन् । म भने कवि अतृप्त पाण्डेयको कवितासङ्ग्रह समयसित रुमाल छैन र मेरो सम्पादन/प्रकाशनको ग्रन्थ दोरम्बा हत्याकाण्ड : मुक्तिका लागि बलिदान माओको शव रहेको भवन आसपासको सङ्ग्रहालय/पुस्तकालयमा प्रदान गर्न हातैमा बोकेर लाम लागिरहेछु । पुस्तक बोकेकाले ममाथिको निगरानी अलि बढी भएको छ । सामान्य परीक्षण नभएर अलि विशेष परीक्षण भएको छ ममाथि अलि पर लगेर । म सफासँग भनिदिन्छु- नेपालबाट आएको साहित्यकार-पत्रकार हुँ । माओ हाम्रा महान् आदर्श हुनुहुन्छ र उहाँको विचार हाम्रो मार्गनिर्देशक विचार । यी दुई पुस्तक उहाँप्रति 'समर्पण' गर्न चाहन्छु । माओप्रतिको अगाध श्रद्धाका कारण ती पुस्तक बाहिर जाँच भएको स्थानमा छोड्न सक्तिनँ म, ढिलै गरेर भए पनि लगेरै छाड्छु । मूल ढोकामा फूलका गुच्छाहरू बिक्रीमा राखिएको छ । प्लास्टिकमा सजाइएका ३ वटा गुच्छा २० युआन तिरेर लिन्छु र २ वटा माणिकलाई दिन्छु । एउटा गुच्छा र २ थान पुस्तक च्यापेर भीडमा धकेलाधकेल गर्दै अघि बढ्छु । चिनियाँ सैनिक स्वयम्सेवकहरू माइकिङ गरिरहेछन् । तिनको सक्रियताले भनिरहेछ- झोला, क्यामेरा, मोबाइल केही नबोक र हल्ला नगर । धकेलाधकेल नगर । बिस्तारै जाऊ र सुस्तरी मस्त निद्रामा रहेका माओको 'दर्शन' गर ।

अब प्रतीक्षाको घडी आउनै लागेको छ । मूल ढोकाबाट भित्र पस्नासाथ महान् माओको विशाल र भव्यतम् सेतो प्रतिमूर्ति देखिन्छ कुर्सीमा थपक्क बसेको अवस्थामा । फूलका गुच्छाहरू त्यहीँ थपक्क मिलाएर राख्नुपर्छ । म गुच्छाहरूसँगै पुस्तक पनि त्यहीँ राख्छु । क. माणिक किम इल सुङ र किम जोङ इलको शव त लमतन्न सुताएर राखिएको छ तर माओको शव त बसाएर पो राखिएको रहेछ भन्नुहुन्छ । मलाई भने माओको अनुहार हेर्ने धित मरेकै हुँदैन । सैनिकहरू-औँला मुखमा लगेर 'स्स्स्स' गरिरहेछन्, कोही पनि एक शब्द नबोल भनेर । त्यो प्रतिमूर्ति पार गरेर अघि बढेपछि बल्ल आइपुग्छ सिसाको बाकसमा लमतन्न सुताएर राखेको महान् माओकै साक्षात प्रतिमूर्ति । मलाई घन्टौँ उभिएर शव हेरिहन मन लाग्छ । सेकेन्ड-सेकेन्ड पनि मेरा लागि अत्यन्त महत्वपूर्ण भइरहेका छन् । भीडले धकेलिरहेछ । सबै मौन-मौन हिँड्दै माओलाई धित मरुन्जेल हेरिरहेका छन् । छेउछाउमा मूर्तिवत् उभिएका सैनिकबाहेक भीडवरिपरि उभिएका सुरक्षाकर्मी 'स्स्स्स्स' गरिरहेका छन् । मानौँ उनीहरू भनिरहेका छन्, एक शब्द पनि ननिकाली, सियो खसेको पनि चाल पाइने गरी अघि बढ, तिमीले आवाज निकाल्यौ भने गहिरो निद्रामा मस्त सुत्नुभएका माओको निद्रा भङ्ग हुनसक्छ... । मलाई भने माओ जुरुक्क उठेर अमेरिकी, बेलायती, जापानी, फ्रान्सेली, भारतीय अर्थात् विश्वसाम्राज्यवादका मतियारहरू र सबैखाले प्रतिक्रियावादलाई हपारेर फेरि एकपटक हायलकायल पारिदिए पनि हुने थियो भन्ने लागिरहन्छ । तर यो त केवल मेरो हवाईकल्पना न थियो । विश्व सर्वहारावर्गका महान् नेता माओ विश्वप्रतिक्रियावादलाई 'कागजी बाघ' शब्दले सम्बोधन गर्दै खिज्याउने, ह्याकुलाले मिच्ने र देश एवम् जनताका लागि सर्वस्व गुमाउने, छोरा र पत्नीलाई सहिद बन्नसक्ने बनाउने महान् व्यक्तित्व हुनुहुन्थ्यो । म कल्पना गरिरहेको थिएँ- माओसँग आँखा जुधाएर एकपटक गर्विला हात मिलाउन पाए पनि हुने नि ! यसरी तरङ्गित हुँदाहुँदै हामी माओको पैतालातिरबाट शिरतिर पुगिसकेका हुन्छौँ । माओको अनुहर हामीले तस्बिरमा देखेजस्तै धपक्क बलिरहेको देखिन्छ । हल्का सुस्ताएजस्तो । म अनायासै 'महान् माओ लालसलाम !' भन्दै चिच्याएछु । नजिकै उभिएको सुरक्षाकर्मीले च्याप्प समातेपछि पो झसङ्ग हुन्छु ।

माओको शव अवलोकनपछि बाहिर निस्किने पूर्वी दिशातिर पुगेपछि त्यो भित्री गोजीको मोबाइल निकालेर कमरेड माणिकलाई कर गर्छु तस्बिरका लागि । यहीँबाट भए पनि ५/७ मिटर पर सुस्ताइरहेका महान् माओलाई लालसलाम गर्छु । माणिक कडा सुरक्षा निगरानी देखेर आत्तिनुहुन्छ तर मेरो ढिपीका सामु उहाँको केही जोर चल्दैन । भीडभित्रै लुकेर उहाँ एउटा तस्बिर खिचिदिएर हतारहतार ओझेल पर्नुहुन्छ । त्यसपछि हामी प्राङ्गणमा पुगेर माओको तस्बिर अङ्कित केही सामान किन्छौँ स्मृतिका लागि ।

माओको शव अवलोकनपछि माणिक सर र मबीच स्वाभाविक बहस निम्तिन्छ, शव अवलोकन उत्प्रेरणा हो कि होइन भन्नेबारेमा । म महान् मान्छेको शव, तस्बिर, विचार, हस्ताक्षर, पोसाक, निर्माण अर्थात् चिनोले जहिले पनि अघि बढ्न प्रेरणा दिने बताउँछु तर माणिकको अलि पृथक धारणा छ- मरेपछि त ढुङ्गोसरह भइगयो नि जतिसुकै महान् भए पनि । म यसलाई भौतिकताभन्दा अलि फरक, भावना, विचार, आदर्श र सपनासँग जोडेर हेर्न अनुरोध गर्छु ।

बेइजिङ सहर घुम्दा प्रस्टै देखिन्छ चिनियाँहरूले यतिबेला माओलाई व्यापारको साधन र लोगो बनाएका छन् । हरेक सामानको विज्ञापनमा माओको तस्बिर छ होटेलदेखि सिगरेटका प्याकेटहरूसम्म ! विचार र व्यवस्थाबाट माओलाई जबर्जस्ती विस्थापित गरिएको छ । माओलाई लेनिनवादका सफल प्रयोगकर्ता, माओवादको प्रवर्तक, सर्वहारा किसान मजदुरवर्गका नेता, महान् मार्क्सवादी विचारक र नेताभन्दा पनि त्यही होटेलको म्यानेजरले भनेजस्तै 'गड' (ईश्वर) बनाइएको छ र केवल तस्बिर र सालिकमा पूजा गरिएको छ । विचारबाट अलग राखेर माओको पूजा गर्नुको के अर्थ छ र सर्वहारा वर्गका लागि !



**बेइजिङ सहर घुम्दा प्रस्टै देखिन्छ चिनियाँहरूले यतिबेला माओलाई व्यापारको साधन र लोगो बनाएका छन् । हरेक सामानको विज्ञापनमा माओको तस्बिर छ होटेलदेखि सिगरेटका प्याकेटहरूसम्म ! विचार र व्यवस्थाबाट माओलाई जबर्जस्ती विस्थापित गरिएको छ । माओलाई लेनिनवादका सफल प्रयोगकर्ता, माओवादको प्रवर्तक, सर्वहारा किसान मजदुरवर्गका नेता, महान् मार्क्सवादी विचारक र नेताभन्दा पनि त्यही होटेलको म्यानेजरले भनेजस्तै ...गड' (ईश्वर) बनाइएको छ र केवल तस्बिर र सालिकमा पूजा गरिएको छ ।**

## विवेकको शव ...

सदरमुकाम मान्ममा रहेका दुईवटा प्रहरी बिट जलाउनुका साथै जिल्ला प्रशासन कार्यालयको प्रवेशद्वारमा समेत आगो लगाएका छन् ।

सोमबार सरकारी अधिकारी र पीडितका तर्फबाट गठित सङ्घर्ष समितिबीच वार्ता भए पनि उक्त वार्ता निष्कर्षविहीनजस्तै भएको छ । वार्ताका लागि गृह मन्त्रालयका सहसचिव मानबहादुर विक, डीआईजी रमेश खरेलसहितको टोली सोमबार मान्म पुगेको थियो । द्विपक्षीय वार्तामा प्रशासनले छानबिनपछि पीडितका माग सम्बोधन गर्ने बताएको थियो भने पीडितहरूले पहिले ऐडीलाई राष्ट्रिय सहिद घोषणा गर्नुपर्ने, पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने र प्रदर्शनका क्रममा प्रहरीको गोली लागी घाइते भएकाहरूलाई उपचार गर्नुपर्ने अडान राखेका छन् ।

सङ्घर्ष समितिले छिमेकी जिल्ला जुम्लामा प्रतिव्यक्ति ६५ हजार, दैलेखमा ६१ हजारका दरले रकम वितरण गरेको भए पनि कालीकोटमा ५८ हजार मात्र वितरण भएको बताएको छ । यस्तै म्यादी प्रहरीको पोसाकका लागि प्रतिव्यक्ति ७ हजार १ सय रुपैयाँ बजेट आएकोमा प्रतिव्यक्ति ४ हजारका दरले वितरण गरिएको बताएको छ ।

यसैबीच कालीकोटमा म्यादी प्रहरीले गरेको आन्दोलनप्रति नेकपाले समर्थन र ऐक्यबद्धता जनाएको छ । पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' ले शनिबार प्रेसविज्ञप्ति जारी गर्दै सदरमुकाम मान्म गोलीकाण्डका दोषीमाथि कारबाही गर्न र प्रहरीको गोलीबाट मारिएका विवेक ऐडीलाई सहिद घोषणा गर्न सरकारसँग माग गरेका छन् । उनले मृतकका परिवारलाई राहतको व्यवस्था र घाइतेहरूको उपचारको व्यवस्था गर्न पनि माग गरेका छन् । म्यादी प्रहरीको तलब र सुविधाको विषयलाई लिएर देशैभरि उठिराखेको समस्याप्रति नेकपा गम्भीर भएको बताउँदै प्रकाण्डले सरकारले बिनाकुनै छलछाम, षड्यन्त्र र भेदभाव म्यादी प्रहरीको तलब सुविधाको व्यवस्था गर्नुपर्ने बताएका छन् ।

म्यादी प्रहरीले कालीकोटमा जारी राखेको आन्दोलनमा नेकपाको घुसपैठ भएको भन्दै प्रशासनले कर्फ्यु लगाएको छ । तर नेकपाका जिल्ला इन्चार्ज लोकजङ्ग शाही 'समर' ले अन्यायका विरुद्धमा भएको पीडितहरूको स्वतस्फूर्त आन्दोलनलाई सहयोग र समर्थन गर्नु स्वाभाविक भए पनि राज्यले आन्दोलन मत्थर पार्न र दमनको उद्देश्यसहित यस्तो आरोप लगाएको बताएका छन् ।

यसैगरी दोलखामा रासनवापतको दैनिक खर्चमा पूर्व सहमतीबमोजिम कायम नगरिएको विषयलाई लिएर पुस ३ गते अइतबार जिल्ला प्रहरी कार्यालय अगाडि म्यादी प्रहरीहरु आन्दोलनमा उत्रेका थिए । विशेषगरी रासनवापतको रकममा व्यापक कटौती गरिएको, गुणस्तरहीन खाना खुवाइएको एवं निर्धारित सेवाक्षेत्र भन्दा अन्यत्र निर्माणमा समेत खटाइ अतिरिक्त पारिश्रमिक शोषण गरिएको एवं यसबारेमा सम्वन्धित अधिकारी समक्ष गुनासो गर्न जाँदा आफ्ना टोली कमान्डर माथि दुर्व्यवहार गरेकोले आन्दोलनमा उत्रन बाध्य हुनुपरेको आन्दोलनकारी म्यादी प्रहरी कृष्ण थापाले बताएका छन् । आफूमाथि भएको अन्यायको विषयमा छलफल गर्न खोज्दा प्रहरीप्रशासन अमानवीय ढंगले प्रस्तुत् भएको भन्दै उत्तेजित हुन पुगेको आन्दोलनमा ढुंगामुढासमेत भएको थियो भने प्रहरीले एक जना पुरुषसहित ७ जना महिला म्यादी प्रहरीमाथि अन्धाधुन्ध दमन गरी घाइते बनाएको छ । आन्दोलनकारी संगिता नेपाली गम्भीर घाइते भएकी छन् । नेपालीको अवस्था चिन्ताजनक छ भने घाइते सबैलाई अस्पताल भर्ना गरिएको छ । आन्दोलनले करिब ४ सय जनाको संख्यामा रहेको आन्दोलन सदरमुकाम चरिकोट परिक्रमा गरी चर्को नारबाजीमा उत्रेको थियो । यता अधिकांश संचारकर्मी र सरोकारवाला स्थानीय जनताको दबाव पश्चात वार्तामा जोड दिएको जिप्रकाले भने यसअघि जस्तै सहमतिअनुसार कार्यान्वयनमा जोड दिनेमा शंका रहेको आन्दोलनकारीले बताएका छन् ।

# रेसम मार्ग आर्थिक क्षेत्र र २१ औँ शताब्दीको सामुद्रिक रेसम मार्ग साझा रूपमा बनाउने दृष्टिकोण र कार्यक्रम

## चीन राज्य परिषद्को प्राधिकारमा परराष्ट्र मन्त्रालय राष्ट्रिय विकास र सुधार आयोग र वाणिज्य मन्त्रालयले जारी गरेको - मार्च २१०५

**भूमिका**

दुई हजार वर्षभन्दा बढी समयअघिदेखि युरेसियाली मेहनती तथा साहसी जनताले एसिया, युरोप र अफ्रिकाका प्रमुख सभ्यताहरूसँग जोड्ने व्यापार र सांस्कृतिक सम्बन्धका अनेक बाटाहरू पत्ता लगाए र खुलाउने काम गरे। पछिल्ला पुस्ताहरूले ती सबै बाटालाई एकसाथ रेसम मार्ग ९क्षिप च्यबम० भन्न थाले । हजारौँ वर्षदेखि शान्ति र सहकार्य, खुलापन र समावेशी, आपसी सिकाइ र आपसी हित' को मार्गको भावनाको एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्ने काम हुँदै आयो। रेसम मार्गको यो भावनाले मानवसभ्यताको प्रगतिलाई प्रोत्साहन गर्न र मूलतः रेसम मार्गमा परेका देशहरूको समृद्धि र विकासमा ठूलै योगदान पुऱ्याएको छ । पूर्व र पश्चिमबीच सञ्चार र सहकार्यको प्रतिनिधित्व गर्ने रेसम मार्गको भावना संसारका सबै देशहरूको साझा ऐतिहासिक तथा सांस्कृतिक सम्पदा हो।

एक्काईसौँ शताब्दी शान्ति, विकास, सहकार्य र आपसी हितको विषयलाई जनाउने नयाँ युग हो। विश्वव्यापी अर्थतन्त्र धिमा गतिमा पुनर्स्थापना भइरहेको र जटिल एवम् क्षेत्रीय परिस्थितिमा रेसम मार्गको भावनालाई अझ अघि बढाउनु हामी सबैका लागि अत्यन्त आवश्यक कुरा हो।

सन् २०१३ के सेप्टेम्बर र अक्टोबरमा चिनियाँ राष्ट्रपति सी जिनपिङ केन्द्रीय एसिया र दक्षिणपूर्वी एसियाको भ्रमणमा हुँदा उनले रेसम मार्ग आर्थिक क्षेत्र र २१ औँ शताब्दीको सामुद्रिक रेसम मार्ग (उप्रान्त यो लेखमा यी दुई अवधारणालाई क्षेत्र-द्यभति र बाटो-च्यबम को रूपमा उल्लेख गरिनेछ) को संयुक्त रूपमा विकास गर्ने पहलको कुरा उठान गर्नुभयो। यो विषयले संसारभरको ध्यानाकर्षण गर्न सफल भयो। सन् २०१३ को चीन-आसियान एक्सपोमा चीनका प्रधानमन्त्री ली खछ्याङले आसियानलाई ध्यानमा राखेर सामुद्रिक रेसम मार्ग बनाउनुपर्ने र पछाडि परेका क्षेत्रहरूको विकासका लागि रणनीतिक उत्तोलक बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो। क्षेत्र र बाटो बनाउने कामलाई तीव्रता दिनुले क्षेत्र र बाटोसँगैका देशहरूको आर्थिक समृद्धि र क्षेत्रीय आर्थिक सहकार्यलाई प्रोत्साहित गर्नेछ । विभिन्न सभ्यताहरूबीच सम्बन्ध र आपसी सिकाइलाई सशक्त बनाउनेछ र विश्व शान्ति तथा विकासलाई अघि बढाउनेछ। संसारभरका जनताको हित गर्ने यो बृहत् पाइला हो।

क्षेत्र र बाटोको अगुवाइ व्यवस्थित परियोजना हो। यसको निर्माण सबैको हितलाई पूरा हुने गरी सल्लाहमा संयुक्त रूपमा गर्नुपर्दछ। क्षेत्र र बाटोमा पर्ने देशहरूको विकास रणनीतिसँग यो प्रयासलाई जोड्नुपर्दछ । चिनियाँ सरकारले यो अगुवाइको कार्यान्वयनलाई प्रोत्साहित गर्न प्राचीन रेसम मार्गको महिमा र महत्व उजागर गर्न र एसियाली, युरोपेली र अफ्रिकी देशहरूलाई अझ नजिक ल्याउन र आपसी हितकारी सहकार्यलाई नयाँ रूपमा, नयाँ उचाइमा पुऱ्याउन रेसम मार्ग आर्थिक क्षेत्र र २१ औँ शताब्दीको सामुद्रिक रेसम मार्ग संयुक्त रूपमा निर्माण गर्ने दृष्टिकोण तथा कार्यक्रमको मस्यौदा गरी प्रकाशित गरेको छ।

### १. पृष्ठभूमि

संसारमा जटिल र प्रस्ट परिवर्तनहरू भइरहेका छन् । अन्तर्राष्ट्रिय वित्तीय सङ्कटका अन्तर्निहित प्रभावहरू सतहमा आउँदैछन् । विश्वको अर्थतन्त्रले सुस्त गतिमा पुनर्जीवन पाइरहेको छ र संसारको विकास असमान छ। अन्तर्राष्ट्रिय व्यापार र लगानीको परिदृश्य र बहुपक्षीय व्यापार र लगानीका नियमहरूमा प्रमुख परिवर्तनहरू हुँदैछन् र देशहरूले आआफ्नो विकासका लागि ठूल्ठूला चुनौतीहरू सामना गर्दैछन्।

बहुध्रुवीय विश्व, आर्थिक विश्वव्यापीकरण, सांस्कृतिक विविधता र विस्तृत सूचनाप्रविधि (आईटी) को प्रयोगलाई समेटिएको क्षेत्र र बाटोको संयुक्त विकासको योजना खुला क्षेत्रीय सहकार्यको भावनामा आधारित रहेर विश्वव्यापी स्वतन्त्र व्यापार व्यवस्था तथा खुला विश्व अर्थतन्त्रलाई अघि बढाउने ध्येयले बनाइएको योजना हो। यो योजना आर्थिक पक्षको व्यवस्थित र स्वतन्त्र प्रवाह, स्रोतको उच्च प्रभावकारी परिचालन र बजारको गहिरो एकीकरण गर्नमा लक्षित छ। क्षेत्र र बाटोमा पर्ने देशहरूको आर्थिक नीतिगत समन्वय हासिल गर्न र विस्तृत र अझ गहिरो क्षेत्रीय सहकार्य अझ उच्च स्तरमा विकास गर्न तथा सबैको हित गर्ने खुला, समावेशी र सन्तुलित क्षेत्रीय आर्थिक सहकार्यको वास्तुशास्त्रका साझा रूपमा बनाउनु यो योजनाको लक्ष्य हो । संयुक्त रूपमा क्षेत्र र बाटोको विकास विश्व समुदायको हितमा छ। मानव समाजको साझा आदर्श र सुखलाई प्रतिबिम्बित गर्ने यो योजना अन्तर्राष्ट्रिय सहकार्य र विश्वव्यापी शासनको नयाँ ढाँचा खोजी गर्ने सकारात्मक सोचाइ हो । यसले विश्व शान्ति र विकासमा नयाँ सकारात्मक उर्जा सञ्चार गर्नेछ।

क्षेत्र र बाटोको योजनाको लक्ष्य एसियाली, युरोपेली र अफ्रिकी महादेशहरू र तिनीसँग जोडिएका समुद्रहरूबीच जोड्ने कामलाई प्रोत्साहित गर्ने, क्षेत्र र बाटोमा जोडिएका देशहरूबीच साझेदारी स्थापित गर्ने र बलियो बनाउने, सर्वपक्षीय, बहुआयामिक र मूर्त रूपमा जोडिने सञ्जाल स्थापना गर्ने र ती देशहरूमा विविधतापूर्ण, स्वाधीन,




सन्तुलित र दिगो विकासलाई कार्यान्वयन गर्ने हुन्। जोड्ने परियोजनाले क्षेत्र र बाटोमा पर्ने देशहरूको विकासका रणनीतिलाई संयोजन र समन्वय गर्न, ती क्षेत्रमा बजार बनाउन, लगानी र उपभोग प्रोत्साहित गर्न, जनता-जनताबीच सांस्कृतिक सम्बन्ध विस्तार गर्न, कुनै पनि विषयमा जानकार देशका जनताबीच आपसी ज्ञान आदानप्रदान गर्ने र एकअर्काबीच समझदारी विश्वास र सम्मान गर्न सक्षम बनाउन र सद्भाव, शान्ति तथा समृद्धिमा बाँच्न सक्ने बनाउन सहयोग गर्नेछ।

चीनको अर्थतन्त्र विश्वको अर्थतन्त्रसँग नजिक रूपमा गाँसिएको छ । चीन खुलापन, खुलापनको सर्वपक्षीय नयाँ ढाँचा निर्माण गर्न र त्यसलाई विश्व आर्थिक बन्दोबस्तलाई अझ गहिरोसँग समागम गर्ने आधारभूति नीतिमा प्रतिबद्ध रहनेछ। यो योजनाले चीनमा खुलापनलाई थप विस्तार गर्न र गहिरो बनाउन तथा एसिया, युरोप र अफ्रिकालगायत बाँकी विश्वका देशहरूसँग आपसी हितकारी सहकार्य बलियो बनाउन सक्षम बनाउनेछ । चीन आफ्नो क्षमताले भ्याएका अरू बढी जिम्मेवारी बहन र कर्तव्य पालना गर्न प्रतिबद्ध छ र मानव जातिको शान्ति र विकासका लागि ठूलो योगदान गर्न दृढनिश्चयी छ।

### २) सिद्धान्त

क्षेत्र र बाटोको अगुवाइ संरासङ्घको बडापत्रको उद्देश्य र सिद्धान्तबमोजिम छ। यसले एकअर्को देशको सार्वभौमिकता, भौगोलिक र अखण्डताप्रति आपसी सम्मान, एकआपासमा अनाक्रमण, एकअर्कोमा आन्तरिक मामिलामा अहस्तक्षेप, समानता र आपसी हित र शान्तिपूर्ण सहअस्तित्वका पञ्चशीलका पाँच सिद्धान्तलाई अग्रस्थानमा राख्नेछ।

यो अगुवाइ सहकार्यका लागि खुला छ। यसले प्राचीन रेसम मार्गलाई समेटेको छ। तर यो त्यत्तिमा मात्र सीमित छैन। आआफ्नो संलग्नताका लागि यो सबै देशहरू, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूका लागि खुला छ किनभने सबैको प्रयासले सबैको व्यापक फाइदा हुने परिणामको अपेक्षा गर्न सकिनेछ।

यो अगुवाइ सद्भावपूर्ण र समावेशी छ । यसले सभ्यताहरूको सहिष्णुता, विभिन्न देशहरूले अवलम्बन गरेका विकासका बाटा र ढाँचाप्रति सम्मान र सबै देशको साझा समृद्धिका लागि शान्तिपूर्ण सहअस्तित्व स्थापित गर्न एकअर्काबीचको भिन्नता कम गर्दै एउटाको शक्तिले अर्कोलाई अघि बढाउने तथा सहमतिका साझा आधारहरूको खोजी गर्ने सिद्धान्तमा रहेर भिन्न सभ्यताबीच संवादको वकालत गर्दछ।

यो अगुवाइले बजार परिचालनलाई पछ्याउँछ। यसले बजारको नियम र अन्तर्राष्ट्रिय मान्यतालाई अङ्गीकार गर्छ । स्रोत स्थापना र व्यापारिक निकायहरूको प्राथमिक भूमिकाको सन्दर्भमा बजारको महत्वपूर्ण भूमिकालाई स्वीकार्दछ र सरकारलाई आफ्नो भूमिका निर्वाह गर्न छोड्नुपर्ने मान्यता बोक्दछ।

यो अगुवाइले आपसी हितको खोजी गर्दछ । यसले यसमा समाहित सबै पक्षको हित र चासोलाई मिलाएर लग्नेछ। सबै पक्षको बौद्धिकता र रचनात्मक शक्ति र सामार्थ्यको पूर्ण विकास र उपयोगका निम्ति सहकार्य गर्न आपसी हित र 'सबभन्दा ठूलो साझा निर्धारक' को खोजी गर्ने काम यो अगुवाइले गर्नेछ।

### ३) ढाँचा

क्षेत्र र बाटो अगुवाइ सबै पक्षले जित्ने सहकार्य ९धष्ल(धष्ल अय(यउभचबतष्यल० को बाटो हो जसले साझा विकास र समृद्धिलाई प्रोत्साहित गर्दछ र यो आपसी समझदारी र विश्वासलाई दिगो र सर्वपक्षीय सम्बन्धलाई बलियो बनाएर अघि बढ्ने बाटो हो। चिनियाँ सरकार, शान्ति, सहकार्य, खुलापन र समावेशिता, आपसी सिकाइ र आपसी हितको पक्षपाती हो। यसले सबै क्षेत्रमा व्यावहारिक सहकार्यको पक्षपोषण गर्दछ र साझा हित आपसी राजनीतिक विश्वासमा आधारित भविष्य र जिम्मेवारी, आर्थिक, एकता तथा सांस्कृतिक समावेशीमा आधारित समुदाय निर्माणका लागि काम गर्दछ।

क्षेत्र र बाटो एसिया युरोप र अफ्रिका महादेश हुँदै उदीयमान पूर्वीएसियाको आर्थिक वृत्तको अर्को छेउसम्म जोडेको छ । यसअन्तर्गत ठूलो आर्थिक विकासको सम्भावना बोकेका देशहरू समावेश छन्। रेसम मार्गको आर्थिक क्षेत्रले चीन, मध्यएसिया, रुस र युरोप (बाल्टिक) लाई सँगै ल्याउन, मध्यएसिया र पश्चिमएसिया हुँदै चीनलाई पर्सियाली खाडी र भूमध्य सागरमा जोड्न चीनलाई दक्षिणपूर्वी एसिया, दक्षिणएसिया र भारतीय महासागरसँग जोड्न जोड दिएको छ। २१ औँ शताब्दीको सामुद्रिक रेसम मार्ग चीनको तटीय क्षेत्रबाट एउटा बाटोअन्तर्गत दक्षिण चिनियाँ सागर र भारतीय महासागर हुँदै युरोप पुग्ने र अर्को बाटोअन्तर्गत चीनको तटीय क्षेत्रबाट दक्षिणी चिनियाँ समुद्र हुँदै दक्षिणी प्रशान्त महासागरतर्फ अघि बढ्छ।

यो अगुवाइले भूमिमा एउटा युरेसियाली भूमिपुलको संयुक्त निर्माण र चीन-मङ्गोलिया-रुस, चीन-मध्यएसिया-पश्चिमएसिया र चीन-हिन्द-चिनियाँ प्रायःद्वीप आर्थिक क्षेत्रको निर्माण गर्नमा जोड दिनेछ । अन्तर्राष्ट्रिय यातायातको बाटोको उपयोग, क्षेत्र र बाटोअन्तर्गत पर्ने प्रमुख सहरहरूलाई समावेश र मुख्यमुख्य आर्थिक औद्योगिक क्षेत्रहरूलाई सहकार्यका दबु बनाएर ती आर्थिक क्षेत्रको निर्माण गरिनेछ। समुद्रमा यो अगुवाइले क्षेत्र र बाटोअन्तर्गत प्रमुख सामुद्रिक बन्दरगाहहरू जोड्दै संयुक्त रूपमा सुचारु सुरक्षित स्तर भएका प्रभावकारी यातायातका बाटा बनाउनुमा जोड दिएको छ ।

चीन-पाकिस्तान आर्थिक बाटो र बङ्गलादेश-चीन-भारत-म्यानमारको आर्थिक बाटो घनिष्ठ रूपले क्षेत्र र बाटोको अगुवाइसँग सम्बन्धित पक्षहरू हुन् र त्यसकारण निकटको सहकार्य र अझ ठूलो प्रगतिको आवश्यकता छ।

यो अगुवाइ क्षेत्र र बाटोमा पर्ने देशहरूबीच खुलापन र सहकार्यको महत्वाकाङ्क्षी आर्थिक दृष्टिकोण हो। ती देशहरूले आपसी हित र साझा सुरक्षाका लक्ष्यहरू पूरा गर्न चासोका साथ काम गर्नेछ। प्रस्ट रूपमा भन्नुपर्दा उनीहरूले क्षेत्रीय पूर्वाधारमा सुधार गर्नुपर्दछ र उनीहरूबीचको सम्बन्धलाई अझ उच्च तहमा पुऱ्याउँदै भूमि, समुद्र र आकाशको बाटोमा सुरक्षित र प्रभावकारी सञ्जालको विकास गर्न जरुरी छ। व्यापार र लगानी सहजतालाई अझ अघि बढाउनुपर्दछ । उच्च स्तरको आवश्यकता पूरा गर्न स्वतन्त्र व्यापार क्षेत्रहरूको सञ्जाल स्थापना गर्नुपर्दछ । आर्थिक सम्बन्धलाई अझ बलियो बनाउनुपर्दछ र राजनीतिक विश्वास गहिरो बनाउनुपर्दछ। सभ्यताहरूको भिन्नतालाई कम गर्दै एकापसबाट सिक्ने र प्रवर्द्धन गर्नमा जोड दिनुपर्दछ। सबै देशका जनताबीच आपसी समझदारी, शान्ति र मित्रतालाई प्रोत्साहन गर्न जरुरी छ।

### ४) सहकार्यका प्राथमिकता

क्षेत्र र बाटोमा पर्ने देशहरूका आफ्नै स्रोतहरूका विशिष्टता छन् र उनीहरूको अर्थतन्त्र एकअर्काका परिपूरक छन् । तसर्थ उनीहरूबीच सहकार्यको ठूलो सम्भावना र क्षेत्रहरू छन् । उनीहरूले नीतिगत समन्वय, सेवा र साधनहरूको सम्बन्धलाई आफ्ना प्रमुख पाँच लक्ष्यहरूको रूपमा प्रोत्साहन गर्दै निम्नानुसारका क्षेत्रहरूमा सहकार्यलाई बलियो बनाउँदै जानुपर्दछ।

**नीतिगत समन्वय**

नीतिगत समन्वय यो अगुवाइको कार्यान्वयनका लागि महत्वपूर्ण सुनिश्चितता हो । हामीले अन्तरसहकारी सहकार्य, विभिन्न तहमा अन्तरसरकारी बृहत् नीतिगत सम्बन्ध र सञ्चार संयन्त्रको विकास, साझा हितको विस्तार, आपसी राजनीतिक विश्वास अभिवृद्धि र एउटा नयाँ सहकार्य सहमतिमा पुग्न जोड दिनुपर्दछ । क्षेत्र र बाटोमा पर्ने देशहरूबीच आर्थिक विकासका रणनीति र नीतिहरूमा पूर्ण समन्वय गर्नुपर्दछ, क्षेत्रीय सहकार्यका लागि योजना र कार्यक्रम तर्जुमा गर्नुपर्दछ, सहकार्यसँग सम्बन्धित विषयहरू संवादमार्फत समाधान गर्नुपर्दछ र व्यावहारिक सहकार्य र बृहत् स्तरका परियोजनाको कार्यान्वयनको लागि संयुक्त रूपमा नीतिगत सहायता प्रदान गर्नुपर्दछ।

**सेवा र साधनहरूको सम्बन्ध विस्तार**

यो अगुवाइको कार्यान्वयनका लागि सेवा र साधनहरूको सम्बन्ध विस्तार प्राथमिकताको क्षेत्र हो । एकआपसको सार्वभौमिकता र सुरक्षा चासोप्रति सम्मानको आधारमा क्षेत्र र बाटोमा परेका देशहरूले आफ्ना पूर्वाधार निर्माण योजना र प्राविधिक स्तर प्रणालीको सम्बन्धमा सुधार, अन्तर्राष्ट्रिय राजमार्गको निर्माणलाई संयुक्त रूपमा अघि बढाउने र एसियाका विभिन्न उपक्षेत्रहरू र एसिया, युरोप र अफ्रिकालाई पाइलापाइला गर्दै जोड्ने पूर्वाधार सञ्जालको निर्माण गर्नुपर्दछ। सँगसँगै हरियाली प्रोत्साहन र कार्बन कम उत्सर्जन गर्ने पूर्वाधार निर्माण गर्ने र सञ्चालन व्यवस्थापन गर्ने काममा पहल गर्नुपर्दछ। यस्ता निर्माण कार्य गर्दा जलवायु परिवर्तनमा प्रभावका विषयमा सजग हुनुपर्दछ।

यातायातका पूर्वाधार निर्माणको सन्दर्भमा हामीले प्रमुख राजमार्ग, चौबाटाहरू र परियोजनाहरूमा ध्यान केन्द्रित गर्नुपर्दछ र नजोडिएको सडक खण्डलाई जोड्ने विषयमा, यातायातका लागि अप्ठ्यारा ठाउँहरूलाई पन्छाउने र बाटोको सुरक्षा सुविधा र ट्राफिक व्यवस्थापन सेवा र साधनहरू एवम् सडक सञ्जाल सम्बन्ध विकास तथा विस्तारमा प्राथमिकता दिनुपर्दछ । हामीले सञ्जाल सम्बन्ध विकास तथा विस्तारमा प्राथमिकता दिनुपर्दछ । हामीले यातायातको सम्पूर्ण संरचना विकास, भन्सार छूटको सम्बन्ध विस्तार, देशहरूबीच पुनः लोडिङ र सामान ओसारपसारको एकद्वार यातायात र क्रमशः सबैतिर उपयुक्त स्तरीय यातायात नियमको विकास गर्नुपर्दछ किनभने अन्तर्राष्ट्रिय यातायात सुविधालाई अघि बढाउन सकियोस्। हामीले बन्दरगाह पूर्वाधार निर्माण, जमिनबाट पानीमा हुने यातायातका लागि सुचारु बाटो निर्माण र बन्दरगाह सहकार्यलाई अगाडि बढाउने, सामुद्रिक बाटा र सामुद्रिक यात्राको सङ्ख्या बढाउने र सामुद्रिक यात्राका लागि आवश्यक सूचनाप्रविधिको सहकार्यलाई अघि बढाउनुपर्दछ । हामीले विस्तृत नागरिक उड्डयन सहकार्यका लागि र उड्डयन पूर्वाधारमा सुधारका लागि हाम्रो गतिलाई द्रुततर बनाउन दबु र संयन्त्रको विस्तार र निर्माण गर्नुपर्दछ।

हामीले ऊर्जा पूर्वाधारको सम्बन्धमा सहकार्य गर्नुपर्दछ । तेल र ग्यास पाइपलाइन र अन्य यातायातका बाटाको सुनिश्चितताका लागि काम गर्नुपर्दछ । अन्तरसिमाना ऊर्जा आपूर्ति सञ्जाल र ऊर्जा प्रसारण बाटाको निर्माण गर्दै क्षेत्रीय ऊर्जा ग्रिडको स्तरोन्नति र रूपान्तरणमा सहकार्यलाई बढाउनुपर्दछ।

हामीले संयुक्त रूपमा अन्तरसिमाना अप्टिकल केबुल र अन्य सञ्चारको सीधा सञ्जालहरूको निर्माण अघि बढाउनुपर्दछ । अन्तर्राष्ट्रिय सञ्चार सम्बन्धमा सुधार गरी सूचना रेसम मार्ग सिर्जना गर्नुपर्दछ । हामीले दुईपक्षीय अन्तरसिमाना अप्टिकल सञ्जालको निर्माण तीव्र गतिमा गर्नुपर्दछ र सूचना सम्बन्ध र सहकार्यलाई विस्तार गर्न अन्तरमहादेशीय सामुद्रिक अप्टिकल केबुल परियोजनाको योजना र भूउपग्रह सूचना मार्गको सुधारमा जोड दिनुपर्दछ।

टिप्पणी

सन्दर्भ : १२५ औँ माओ दिवस

# हाम्रो कला–साहित्य कसका लागि ?

*'दसौँ करोड जनसमूहलाई आफ्ना विचारहरू स्वतन्त्र रूपमा राख्न, ठूला अक्षरे पोस्टरहरू लेख्न, ठूलाठूला बहसहरू चलाउन, उनीहरूलाई जागरुक गराउन दिएर मात्र पार्टीभित्र पसेर सत्तामा पुगेका गद्दारहरू, दुस्मनका दलालहरूको पर्दाफास गर्न सकिन्छ तथा उनीहरूको पुँजीवाद पुनर्स्थापना गर्ने षड्यन्त्रलाई चकनाचुर पार्न सकिन्छ।'*
**(चिनियाँ कम्युनिस्ट पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनको राजनीतिक प्रतिवेदनबाट)**

*'त्यहाँ (कला तथा साहित्य विभागहरूमा) अझैसम्म पनि मुर्दाहरूले नै शासन गरिरहेका छन्। संस्कृति मन्त्रालयलाई स्वयम् परिवर्तन गर्न इन्कार गरियो भने त्यसलाई राजा बादशाह, सेनापति, पादरी, पुजारीको मन्त्रालय, सुरासुन्दरीको मन्त्रालय र विदेशी मुर्दाहरूको मन्त्रालय नामकरण गरिनुपर्दछ। ... 'ठूलाठालु, जबर्सेठ, भतुवाहरूको मन्त्रालय नामकरण गरिनुपर्दछ।'* (ऐ पृ. १३)



**खेम थपलिया**

यतिबेला हामी विश्व सर्वहारावर्गका महान् नेता माओको संस्मरण र सम्मानमा १२५ औँ माओ दिवस मनाइरहेका छौँ। यस ऐतिहासिक अवसरमा माओको विशेष सम्मान तथा संस्मरण गर्दै विश्व सर्वहारावर्ग, कम्युनिस्ट, उत्पीडित तथा मुक्तिकामी जनसमुदायमा रातो सलाम अर्पण गर्न चाहन्छौँ। माओले अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवस्थामा रहेको चीनलाई दीर्घकालीन जनयुद्धमार्फत नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नुभयो । समाजवादी क्रान्तिको महान् प्रक्रियामा सर्वहारा अधिनायकत्वअन्तर्गत निरन्तर क्रान्तिको सिद्धान्त प्रतिपादन गरी उहाँले महान् सर्वहारा सांस्कृतिक क्रान्ति अगाडि बढाउनुभयो । माओले दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको विकासमा जुन थप योगदान गर्नुभयो ती सार्वभौम 'मार्क्सवाद-लेनिनवाद-माओवाद' संसारका मुक्तिकामी जनताका अजेय हतियारका रूपमा मार्गनिर्देशक सिद्धान्त बनेको छ।

नेपाल संसदीय दलाल पुँजीवादद्वारा आक्रान्त छ । देशमा क्रान्तिकारी विचार, सिद्धान्त, आदर्श र महान् लक्ष्यका विरुद्ध प्रचण्डमण्डली ढलीमली गरिरहेछ । कथित स्थानीय, प्रादेशिक र प्रतिनिधिसभाको निर्वाचन, कथित वाम गठबन्धनको रोइलो एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको चलखेलले धेरै कुराको 'सङ्केत' लाई एकैपटक मुखरित गरिदिएको छ। क्रान्तिले गम्भीर धक्का खाएको यतिबेला क्रान्तिलाई अगाडि बढाउनेबारे गम्भीर प्रकृतिका चुनौती खडा भएका छन् तर क्रान्तिकारी ध्रुवीकरणका साथ क्रान्तिकारी कार्यदिशा एकीकृत जनक्रान्तिलाई समृद्ध तुल्याउँदै नेपालमा क्रान्ति सम्पन्न गर्नुको कुनै विकल्प छैन। जनताले मुक्ति चाहिरहेका छन्, देशले स्वतन्त्रता खोजिरहेको बेला क्रान्तिकारीहरूले क्रान्तिका सबै साधान र उपायहरूमा विशेष ध्यान दिनैपर्दछ । माओले देखाउनुभएको निरन्तर क्रान्तिको बाटोमा दृढतापूवर्क अगाडि नबढीकन क्रान्तिकारी लक्ष्य प्राप्त हुन सक्तैन । निरन्तर क्रान्तिको आलोकमा कलासाहित्यमा केन्द्रित रहेर चर्चा गर्नु आवश्यक छ। 'येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन' (मई १९४२) मा माओले यसबारे सटिक विश्लेषण गर्नुभएको छ । माओदिवसका सन्दर्भमा कला-साहित्यबारे सङ्क्षिप्त चर्चा गर्ने जमर्को गरिएको हो।

कला-साहित्यले सही बाटो लिएनन् भने क्रान्तिकारी अभिभारा पूरा गर्न कठिन हुन्छ । माओले भन्नुभएको छ, 'सङ्घर्षका अनेकौँ मोर्चाहरू छन् जसमा कलम र बन्दुकका मोर्चाहरू, सांस्कृतिक र सैनिक मोर्चाहरू पर्दछन् । शत्रुलाई हराउनका निम्ति हामीले मुख्य रूपले बन्दुकधारी सेनामाथि भर पर्नुपर्दछ तर यो सेना मात्र पर्याप्त हुँदैन । हामीसत सांस्कृतिक सेना पनि हुनैपर्छ। जो हाम्रा पङ्क्तिरूलाई एकताबद्ध पार्न र दुस्मनलाई हराउन अनिवार्य रूपले आवश्यक छ', (येनान प्रवचन)। सांस्कृतिक सेनाले चिनियाँ क्रान्तिमा पुऱ्याएको योगदान ऐतिहासिक र महान् छ। भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवादको अतिक्रमणका पोषक दलाल-पुँजीवादी संस्कृतिको दाह्रा-नङ्ग्रा भाँच्न कला-साहित्यको क्षेत्र निकै महत्वपूर्ण साबित भइसकेको कुरा हो । प्रतिक्रियावादीहरूले जहिले पनि 'गुणसित मात्राले टक्कर लिने' प्रयास गरिरहेका हुन्छन्। दलालहरूसित रहेको अकूत सम्पत्तिको अलिकति मात्र प्रयोग गरेर पनि उनीहरू मात्रात्मक रूपमा गुणमाथि हाबी हुन खोज्छन् । नेपालको कला-साहित्यका क्षेत्रमा यो कुरा छ्याङ्गै देख्न सकिन्छ। यस्तो परिस्थिति क्रान्तिकारी शिविरका लागि चुनौतीपूर्ण बनेको छ। हामीले यो चुनौतीपूर्ण कालो पहाडलाई भत्काउने आँट गर्नुपर्दछ।

माओले जनपक्षीय कला-साहित्यलाई एकाकार गर्दै प्रतिक्रियावादी कला-साहित्यका विरुद्ध लेखक-साहित्यकारहरूले कसरी काम गर्नुपर्दछ भन्नेबारेमा यथेष्ट चर्चा गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, 'हामीले आफ्नो क्रान्तिकारी कार्यलाई अघि बढाउने हो भने यी दुईथरी सेनालाई एकाकार गर्नैपर्छ। हाम्रो आजको बैठकको उद्देश्य साहित्य र कला सम्पूर्ण क्रान्तिकारी मेसिनसित अभिन्न पार्टपुर्जाका रूपमा एकदम राम्ररी जोडिऊन्, तिनीहरू जनतालाई एकताबद्ध र शिक्षित तुल्याउने तथा शत्रुलाई प्रहार गर्ने र नष्ट गर्ने शक्तिशाली हतियार बनून् र तिनले जनतालाई एक मन, एक प्राणजस्तो भएर शत्रुसित जुध्न मद्दत गरून् भन्ने कुरालाई सुनिश्चित पार्नु हो', (येनान प्रवचन)। वास्तवमा क्रान्तिकारी लेखक-साहित्यकार र कलाकारहरूको अभिभारा भनेको प्रतिक्रियावादी तख्ताको छलकपट र निष्ठुरतालाई उदाङ्गो पारिदिनु, जनतामा क्रान्तिकारी आशावाद भर्नु तथा प्रतिक्रियावादीहरूको पराजय अवश्यम्भावी छ भन्ने कुरा औँल्याइदिनु हो। यसले जनतामा क्रान्तिकारी आशावाद सञ्चार हुनुका साथै क्रान्तिकारी परिस्थितिमा गुणात्मक विकास गर्न सकिन्छ।

कला-साहित्यका क्षेत्रमा रूपान्तरणको ठूलो भूमिका हुन्छ । रूपान्तरण भनेको अरूलाई अर्ती थोपर्ने कुरा पटक्कै होइन । भावनात्मक परिवर्तन निकै महत्वपूर्ण कुरा हो । यस सन्दर्भमा माओका यी भनाइ निकै मननीय लाग्दछन्, 'मैले विद्यार्थीका रूपमा जीवनको थालनी गरेँ र विद्यालयमा विद्यार्थीको चालचलन सिकेँ। आफ्ना काँधमा वा हातमा एउटा छेस्कोसम्म पनि बोक्न नसक्ने सहपाठीहरूका अगाडि मैले मेरा आफ्नै सरसामानहरू बोक्नेजस्तो मामुली शारीरिक श्रम गर्दा



पनि मेरो इज्जत गइहाल्ला कि भन्ने मलाई लाग्थ्यो। त्यसबखत मलाई बुद्धिजीवीहरू मात्रै यस संसारका सफासुग्घर मानिस हुन् र तिनको दाँजोमा मजदुर र किसानहरूचाहिँ फोहोरी मानिस हुन् भन्ने लाग्थ्यो। बुद्धिजीवीहरू सफासुग्घर मानिस हुन् भन्ने विश्वास भएकाले उनीहरूका लुगा लाउन मलाई पटक्कै अप्ठेरो लाग्दैनथ्यो तर मजदुर र किसानहरूचाहिँ फोहोरी हुन् भन्ने विश्वास भएकाले म तिनका लुगा लगाउँदैनथेँ । तर म क्रान्तिकारी भएपछि मजदुर र किसानहरू तथा क्रान्तिकारी सेनाका सिपाहीहरूसँग बसेपछि मैले बिस्तारै-बिस्तारै उनीहरूलाई राम्ररी चिनेँ र उनीहरूले पनि बिस्तारै-बिस्तारै मलाई चिने। पुँजीवादी विद्यालयहरूमा छँदा मेरो मनमा जरा गाडेका पुँजीवादी र निम्नपुँजीवादी भावनाहरूलाई मैले त्यसबखत मात्रै आधारभूत रूपमा फेर्न सकेँ। अनि मलाई कस्तो लाग्यो भने संस्कार नफेरिएका बुद्धिजीवीहरू मजदुर र किसानहरूको दाँजोमा सफासुग्घर हुँदा रहेनछन् र अन्तिम विश्लेषणमा मजदुर र किसानहरू नै सबभन्दा सफासुग्घर मानिस रहेछन् अनि हातमा हिलो लागेका र खुट्टामा गोबर लत्पतिएका भए पनि किसान र मजदुरहरू पुँजीवादी र निम्न पुँजीवादी बुद्धिजीवीहरूभन्दा त साँच्ची नै सफासुग्घर पो हुँदा रहेछन् । भावनात्मक परिवर्तन, एक वर्गबाट अर्को वर्गमा परिवर्तन भन्नाको अर्थ यही हो । बुद्धिजीवी समुदायबाट आएका हाम्रा लेखक र कलाकारहरू जनसमूहले आफ्ना रचनाहरू राम्ररी रुचाएको देख्न चाहन्छन् भने उनीहरूले आफ्ना विचार र भावनाहरूलाई रूपान्तरण गर्नुपर्छ र पुनः संस्कार गर्नैपर्छ। यस्तो रूपान्तर नगरीकन, यस्तो पुनः संस्कार नगरीकन उनीहरूले कुनै काम पनि राम्ररी गर्न सक्ने छैनन्', (येनान प्रवचन, माओ)।

कला-साहित्य नयाँ संस्कृतिको महत्वपूर्ण अङ्ग हुन् । हामीले इतिहासका उत्तरदानका रूपमा प्राप्त कुराहरूलाई राम्ररी पहिचान गर्न सक्नुपर्दछ जहाँ युग र युग उचाल्ने जनसमुदायका रगत, पसिना र बलिदानी भावनाले लछ्प्पै भिजेका होऊन्। माओले भन्नुभएझैँ हामीले विभिन्न युगदेखि चलिआएको साहित्य र कलाको समृद्ध सम्पदा र श्रेष्ठ परम्पराहरूलाई स्वीकार गर्नुपर्छ तर त्यसो गर्दा पनि हाम्रो उद्देश्य भने जनसमूहको सेवा गर्ने हुनुपर्छ। हामी विगतकालका साहित्य र कलाकारहरूको सदुपयोग गर्ने कुरालाई इन्कार गर्दैनौँ तर यी पुराना रूपहरू हाम्रो हातमा परेपछि तिनमा नयाँ पाइन हालेर र नयाँ विषयवस्तु भरेर हामी तिनलाई जनताको सेवा गर्ने क्रान्तिकारी चीजमा फेरिदिन सक्छौँ। कुनै समस्याको निर्क्योल गर्दा अमूर्त परिभाषाबाट होइन, वस्तुगत तथ्यको विश्लेषणबाट आफ्ना आधारभूत सिद्धान्त फेला पार्नुपर्छ । आधारभूत सिद्धान्त विश्वदृष्टिकोणसित सम्बन्धित छ। कला-साहित्यका क्षेत्रमा विश्वदृष्टिकोण सर्वाधिक महत्वपूर्ण पक्ष हो । माओले कला-साहित्य क्रान्तिको नेतृत्व गर्ने मजदुरवर्गका लागि, सबभन्दा व्यापक जनसङ्ख्या भएका र हाम्रो क्रान्तिका दृढ सहयोगी किसानहरूका लागि, क्रान्तिकारी युद्धको मुख्य शक्तिका रूपमा रहेका सशस्त्र मजदुर र किसानहरू अर्थात् आठौँ मार्गसेना र नौलो चौथो सेना तथा जनताका अरू सशस्त्र एकाइहरूका लागि एवम् सहरिया निम्न पुँजीपतिवर्गका श्रमिक जनसमूहहरू र निम्न पुँजीवादी बुद्धिजीवीहरूका लागि हुनुपर्दछ भन्नुभएको छ।

हाम्रो कला-साहित्य कसका लागि भन्ने आधारभूत सैद्धान्तिक प्रश्न हो । यसको वर्गपक्षधरता हुन्छ । सर्वहारा साहित्यका आफ्नै विशेषता हुन्छन्। लेनिन भन्नुहुन्छ, 'यो एक स्वतन्त्र साहित्य हुनेछ किनभने लोभ वा जीवनवृत्तिवादको भावनाले होइन, समाजवादी विचार र जनताप्रति सहानुभूतिको भावनाले नौला शक्तिहरूलाई लगातार यसका पङ्क्तिकारहरूतिर आकर्षित गर्छ । यो एक स्वतन्त्र साहित्य हुनेछ किनभने यसले केही अघाएका नायिकाहरूको, पेटमा ढुसी लागेर पीडित भएका र जीवनदेखि वाक्क भएका 'उपल्ला वर्गका दस हजार मानिसहरू' को सेवा गर्दैन, बरु यसले देशको मगमगाउँदो फूल, यसको शक्ति र यसको रूपमा रहेका लाखौँ-करोडौँ श्रमिक जनताको सेवा गर्छ। यो एक स्वतन्त्र साहित्य हुनेछ किनभने यसले समाजवादी सर्वहारावर्गको अनुभव र सजीव कार्यद्वारा मानवजातिको क्रान्तिकारी विचारलाई आखिरीसम्म समृद्ध तुल्याउनेछ र यसले विगतकालका अनुभवहरू (वैज्ञानिक समाजवाद अर्थात् समाजवादको आदिम, कल्पनावादी रूपबाट विकसित हुँदै त्यसको पूर्ण रूपको प्राप्तिको अवस्था) तथा वर्तमानकालका अनुभवहरू (मजदुर कमरेडहरूका वर्तमान सङ्घर्षहरू) को बीचमा एक स्थायी पारस्परिक प्रभाव पैदा गर्नेछ', (लेनिन, सङ्कलित रचनाहरू, सन् १९६२, मस्को)।

कला-साहित्य सामाजिक जीवन र वस्तुगत यथार्थको कलात्मक प्रतिबिम्बन हो। प्रतिक्रान्तिकारी हावाहुन्डरी मडारिइरहेको यतिबेला एकीकृत जनक्रान्तिद्वारा जनताका कला-साहित्यको रक्षा र विकास गर्न आवश्यक छ। कला-साहित्य क्रान्तिको औजार बन्न जरुरी छ। समकालीन नेपाली राजनीतिमा जस्तै कला-साहित्यका क्षेत्रमा पनि प्रतिध्रुवीय कित्तासित क्रान्तिकारी लेखक-साहित्यकारको गुत्थमगुत्थापूर्ण भीषण लडाइँ चलिरहेको यतिबेला जनताका लेखक साहित्यकारहरू सतिसाल बनेर उभिन आवश्यक छ।


नेपालको क्रान्तिकारी लेखन माओको येनान प्रवचनबाट प्रभावित छ। नेपालका जनसंस्कृतिकर्मीहरू कलम र बन्दुक एकैसाथ लिएर वर्गसङ्घर्षमा होमिए। उनीहरूले सांस्कृतिक पल्टनको भूमिका पूरा गरे। जनताका माझ निकै लोकप्रियता हासिल गरेका संस्कृतिकर्मीहरूमध्ये कृष्ण सेनको नाम अग्रपङ्क्तिमा स्थापित छ। नेपालको क्रान्तिकारी कला-साहित्य नेपाल कम्युनिस्ट पार्टीको स्थापनासँगै 'येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन' बारे परिचित भइसकेको थियो। यो प्रवचन समाजवादी-यथार्थवादी लेखक-साहित्यकारका लागि आधारभूत पाठ्यक्रम बनेको छ। चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिबाट नेपालका क्रान्तिकारी साहित्यकारहरू सघन रूपमा प्रभावित छन्। नेपालमा नेकपाको स्थापनासँगै सामन्तवाद-सामाज्यवादविरोधी सौन्दर्यचेतनाको प्रवेश भएको हो। त्यसको उच्चतम् रूप जनयुद्धीय सौन्दर्यचेतनाले अभिव्यक्त छ। नेपालको कम्युनिस्ट आन्दोलनमा जनयुद्धीय सौन्दर्यचेतनाको पछिल्लो कडी एकीकृत जनक्रान्तिसित जोडिन आइपुगेको छ।

महान् सर्वहारा सांस्कृतिक क्रान्तिले करोडौँ जनताको शक्तिलाई एउटा विशाल प्रवाहमा परिचालित गऱ्यो। पहाडलाई हटाउन सक्ने, समुद्रलाई सुकाउन सक्ने, हजारौँ चट्याङबराबरको तागत भएको यसले सामन्तवाद, पुँजीवाद र संशोधनवादका नाभी चुँडाल्न निर्वाह गरेको भूमिका 'निरन्तर क्रान्ति' का रूपमा स्थापित छ। जनताको महान् गाथाको दस्ताबेजीकरण गर्न लेखक-साहित्यकारको ठूलो भूमिका रहँदै आएको कुरा हामीले कहिल्यै भुल्नु हुँदैन। अन्त्यमा, माओको 'साहित्य र कलासम्बन्धी दुई निर्देशन' हेरौँ :

- समस्या कलाका सबै विधाहरू नाटक, गीत, सङ्गीत, ललितकला, नाच, सिनेमा, कविता, साहित्यलगायतमा बग्रेल्ती रहेका छन् जसमा जनताको ठूलो सङ्ख्यामा सहभागिता छ। यससँग सम्बन्धित थुप्रै विभागहरूमा समाजवादी रूपान्तरणका क्षेत्रमा थोरबहुत उपलब्धिहरू पनि हासिल भएका छन्। यद्यपि थुप्रै विभागहरू उही मृत कुराहरूले नै प्रभुत्व जमाइरहेको छ। सिनेमा, नयाँ कविता, लोकगीत, ललितकला र उपन्यासका क्षेत्रमा प्राप्त उपलब्धिहरूलाई नजरअन्दाज गर्न सकिन्न तर त्यससँगसँगै त्यहाँ केही समस्याहरू पनि रहेका छन्। यी विभागहरूमध्ये जहाँसम्म नाट्यविभागको कुरा छ त्यहाँ गम्भीर प्रकारका समस्याहरू विद्यमान छन् । सामाजिक, आर्थिक आधार परिवर्तन भइसकेका छन् तर उपरिसंरचनाको अङ्गका रूपमा रहेको कला जसले आधारको सेवा गर्छ त्यहाँ अझै पनि गम्भीर समस्याहरू छन् । आजैदेखि हामी यसबारेमा अध्ययन-अनुसन्धान गर्दै अघि बढ्नेछौँ र यसलाई गम्भीरतापूर्वक ध्यान दिनेछौँ । कम्युनिस्ट भएर सामन्ती तथा पुँजीवादी कलाको बढोत्तरीमा लाग्ने तर समाजवादी कलालाई लात मार्ने कुरा हास्यास्पद छैन ?
- विगत पन्ध्र वर्षयता यी संस्थाहरूले आफ्ना प्रायःजसो प्रकाशनहरू- त्यसमध्ये केही राम्रा छन् भन्ने सुनिन्छ। उनीहरूसँग प्रकाशनहरू थुप्रै मान्छेहरू (प्रत्येक होइन) ले पार्टीको नीति अनुसरण गरिरहेका छैनन् । उनीहरूले आफूलाई उच्च र शक्तिशाली प्रशासक ठान्छन्, उनीहरू मजदुर, किसान र सेनाहरूका बीचमा गइरहेका छैनन् र उनीहरूले समाजवादी क्रान्ति र समाजवादी निर्माणलाई प्रतिबिम्बित गरिरहेका छैनन् । हालैका वर्षहरूमा उनीहरू संशोधनवादी कित्तातर्फ ढल्केका छन् । आफूलाई यथार्थमा गम्भीरतापूर्वक रूपान्तरण भने उनीहरूलाई हङ्गेरियाली पेटोफी क्लबझैँ बनेकोमा पाता कसिनेछ।

## कविता

### हिरासतबाट



**हरिलाल महतारा**

सरकारलाई लागेको रोग चिन्न सकिँदैन
क्यान्सर हो कि एड्स रोग हो भन्न सकिँदैन।

सुर्खेत राम्रो काँक्रेबिहार मुगु रारा ताल
संसदीय चुनाव लाद्यो यही चौहत्तर साल
निर्दोष जनता हिरासतमा चुनावका बेला
जनसत्ता चल्यो भने पर्ने हौला फेला
भोट माग्दै नोट बाँड्दै आया सामन्तका चेला
गरिब जन्ता पड्न लाग्या दलालका फेला।

हजारौँ गिरफ्तार गऱ्यो बहिष्कारका नाममा
अपराधको मुद्दा लायो बहादुरी नाममा
दुई हजार चौहत्तर साल हिरासतमा लियो
यो दलाली सरकारले दिनु दुःख दियो।

बालबच्चा काखमा च्यापी माया साँचिँदैछ
जनताको जनबलले सरकार जाँचिँदैछ
हिरासतको बास भयो क्रान्तिमा लाग्दै
सपना बाँड्छन् दलाल जनतालाई ढाँट्दै।

सार्वजनिक मुद्दा लायो पुर्जी थमाएर
निहत्था जनतालाई ल्यायो घरमै समाएर
खैलाबैला भयो गाउँमा हाम्रो गिरफ्तारी
अन्याय-अत्याचार भयो सहने कसोगरी।

युवा किन विदेश गया गाउँघर खाली गरी
रोजगारै नदिन सक्ने सरकार रहिछ जाली
बामे र काङ्केका नाममा जनतालाई भो धोका
पुँजीवादको नाराभित्र जनता भए बोका।

जनताको आवाज बोल्यौँ हामी भयौँ बन्दी
कहिल्यै न्याय पाइनेछैन कानुन भयो अन्धी
लोकतन्त्रको दुहाइदिँदै त्यसै ढ्वाङ फुक्ताछन्
उठ्नेछ क्रान्तिको ज्वाला कहाँतिर लुक्ताछन्।

### रातो यात्रा

- अनाम किरण



भन्नेहरूले
संसदीय काट्टो खाएपछि
समाजवाद मिल्छ भनिदिएछन् !
एक हुल कमरेडहरू
तालु खौरिएर
जनै-धोती भिरेर
मार्क्सवादलाई स्वाहा गरिरहेछन्।

कमरेडहरू !
यो महायज्ञवाट फुर्सद मिल्यो भने
बिनाहिच्किचाहट आए हुन्छ
चोकबाट देब्रे बाटो
हामी केही थान स्वप्नजीवीहरू
त्यहीं रातोझन्डा उठाउँदै हुनेछौँ।

अहिलेलाई चैँ
मसानघाटमै स्वर्ग मिलोस्
तपाईंहरूलाई शुभकामना !
र मिल्छ भने
जिन्दगी खोज्न हिंडेका
हामी मनुवाहरूलाई पनि
तपाईंहरूले एकथान शुभकामना दिँदैमा
आकाशै खस्ला र ?

## माओवाद, जनयुद्ध र ...

देख्छन् जसले अन्त्यमा उनीहरूको विनास गरिदिन्छ।

उन्नाईसौँ र बीसौँ शताब्दीको संशोधनवादले वैचारिक एवम् राजनीतिक बहसबाट विचारमा सुधारवाद र सङ्गठनमा विसर्जन ल्याउने गर्दथ्यो । त्यसको प्रकृति आन्दोलनबाट पलायन कम र वैचारिक गल्ती-कमजोरी बढी हुन्थ्यो जसका कारण कि त आन्दोलन अघि बढ्न सक्दैनथ्यो कि त्यो अन्त्यमा बुर्जुवा हस्तक्षेपको सिकार बन्थ्यो । त्यतिबेलाको संशोधनवादले जनताको सत्ता स्थापना हुँदा त्यसको समर्थन गर्थ्यो अथवा त्यसलाई स्वीकार गर्थ्यो तर एक्काईसौँ शताब्दीको संशोधनवादको चरित्र बेग्लै देखापर्छ । एक्काईसौँ शताब्दीको संशोधनवादले जनताले प्राप्त गरेको जनसत्ता, जनताको सेना, जनताको मार्क्सवादी-लेनिनवादी-मार्क्सवादी विचार सबैलाई विसर्जन गर्दछ । आन्दोलनमा घुसपैठका लागि मार्क्सवादी मान्यताप्रति ओठेभक्ति व्यक्त गर्नु, मार्क्सवादी-लेनिनवादी-माओवादी मान्यताका विपरीत विचार अथवा दर्शनमा मालेमाका आधारभूत मान्यताहरूको विसर्जन गर्नु, राजनीतिक अर्थशास्त्रमा मार्क्सवादी राजनीतिक अर्थप्रणालीप्रति अविश्वास गर्नु र एकाधिकार पुँजीवादी अर्थव्यवस्थाको दास बन्नु, समाजवादका क्षेत्रमा वैज्ञानिक समाजवादप्रति अविश्वास रहनु तर बुर्जुवा समाजको दासत्व स्वीकार गर्नु, वर्गसङ्घर्षका क्षेत्रमा वर्गसमन्वयवाद मन पराउनु र आत्मसमर्पणमा रमाउनु, सङ्गठनका क्षेत्रमा जनताले निर्माण गरेको जनमुक्ति सेना तथा जनसत्ताको विघटन गर्नु, जनताको क्रान्तिकारी विचारको परित्याग गर्नु एक्काईसौँ शताब्दीको संशोधनवादका विशेषताहरू हुन् ।

जसरी अठारौँ र उन्नाईसौँ शताब्दीको वर्गसङ्घर्ष अहिलेको तुलनामा कम जटिलजस्तो देखिन्छ त्यतिबेलाको संशोधनवादका विरुद्धको सङ्घर्ष पनि त्यही प्रकृतिको हुन्थ्यो । एक्काईसौँ शताब्दीमा जुन प्रकारको जटिलता वर्गसङ्घर्षमा देखापरिरहेको छ अहिलेको संशोधनवादका विरुद्धको सङ्घर्षमा पनि त्यही जटिलता देखापर्छ । यी जटिलताहरूलाई पार गरेर क्रान्तिकारी आन्दोलनलाई नयाँ उचाइमा उठाउन सक्नु नै मार्क्सवादी-लेनिनवादी-माओवादी नेतृत्वको विकास गर्नु हो । हामीले कुन कुरामा गम्भीर ध्यान दिन आवश्यक छ भने 'कम्युनिस्ट त्यही हो जसले वर्गसङ्घर्षको मान्यतालाई सर्वहारा अधिनायकत्वको मान्यतासँग जोड्दछ' (लेनिन), 'यो कुरामा अस्पष्टता हुनुले संशोधनवादतिर लैजान्छ' (माओ) । त्यसकारण कुन कुरा स्पष्ट गर्न सकिन्छ भने कम्युनिस्ट नेतृत्व भनेको त्यही हो जसले वर्गसङ्घर्षको मान्यतालाई सर्वहारा अधिनायकत्वको मान्यतामा जोड्दछ, जसले पार्टीभित्र र बाहिरको संशोधनवादका विरुद्ध निर्मम सङ्घर्ष गर्दछ, जसले आफैँभित्र पैदा भएको संशोधनवादका विरुद्ध निर्मम तरिकाले सङ्घर्ष गर्दछ र त्यो सङ्घर्षको मान्यतालाई सर्वहारा अधिनायकत्वको मान्यतामा जोड्दछ । यसमा अस्पष्ट हुने कुराले निश्चित रूपमा सुधारवाद र संशोधनवादमा फस्न पुगिन्छ ।

माओ त्सेतुङको १२५ औँ जन्म दिवसका अवसरमा हरेक कम्युनिस्टहरूले यो कुरा राम्रो गरी मनन गर्न सकियो भने मात्र नेपालमा विकास भएको सुधारवाद, आत्मसमर्पणवाद, जुझारु अर्थवादका रूपमा अभिव्यक्त हुने संशोधनवादलाई परास्त गर्न सकिनेछ ।

*(**स्रोत** : लेखकको प्रकाशोन्मुख कृतिको पाण्डुलिपीबाट)*

## माओ दिवसमा ...

का महासचिव किरणले संयुक्त विज्ञप्ति जारी गर्दै क्रान्तिकारी ध्रुवीकरणका लागि वार्ता र छलफल अघि बढाउने घोषणा गरेका छन् । संयुक्त विज्ञप्तिमा भनिएको छ-

समसामयिक नेपाली राजनीतिक सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) र नेपाल कम्युनिस्ट पार्टीका शीर्ष नेताहरूबीच हालै एक उच्चस्तरीय बैठक सम्पन्न भएको छ । उक्त बैठक निम्न निष्कर्षमा पुगेको छ :

१) कथित प्रतिनिधिसभा र प्रदेशसभाको चुनावसम्म आइपुग्दा दलाल पुँजीवादी र संशोधनवादी पार्टीहरूबीचका गठबन्धन र एकता नयाँ स्तरमा व्यक्त भएका छन् । त्यसमा माओवादी केन्द्र एमालेमा पतन भएको छ भने नेपाली काङ्ग्रेसले दलाल पुँजीवादी तथा पश्चगामी पार्टीहरूलाई गोलबन्द गर्ने पहल गरेको छ । यस सन्दर्भमा राष्ट्रिय स्वाधीनता, जनतान्त्रिक अधिकार र सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा आमूल परिवर्तन गर्नका लागि क्रान्तिकारी कम्युनिस्टहरूबीचको वैचारिक, राजनीतिक एवम् सङ्गठनात्मक एकीकरण तथा ध्रुवीकरण पनि अनिवार्य आवश्यक बन्न पुगेको निष्कर्षसहित त्यस क्षेत्रमा पहल गर्ने निर्णय गरियो ।

२) आज साम्राज्यवादी विदेशी तत्वहरू पुराना र नव दलालहरूमार्फत हाम्रो देशका प्राकृतिक स्रोतसाधनहरू लुट्न लागिपरेका छन् । मुख्यतः भारतीय शासकवर्गले एकातिर सन् १९५० को असमान सन्धि हुँदै देउवा सरकारसँगको ४६ बुँदे सहमतिसम्म पुग्दा कोसी, गण्डकी, महाकाली, कर्णाली, अरुणजस्ता ठूला नदीहरूमा हस्तक्षेप गर्न पुगेको छ भने अर्कोतिर सीमा अतिक्रमणलगायत आर्थिक, राजनीतिक तथा सांस्कृतिक हस्तक्षेप पनि गरिरहेको छ । राष्ट्रिय स्वाधीनता, जनतान्त्रिक अधिकार तथा पेसागत हकअधिकारका समस्यालाई लिएर सयुक्त सङ्घर्ष सञ्चालन गर्नुका साथै जनयुद्ध, सहिद सप्ताह, जनआन्दोलनलगायत दिवसहरू संयुक्त रूपले मनाउने निर्णय गरिएको छ ।

३) विश्व राजनीतिमा पछिल्लो समय अमेरिकालगायत मुलुकहरूले उत्तरकोरियामा गरिरहेको अमानवीय नाकावन्दी, प्यालेस्टाइनको भूभागभित्र पर्ने जेरुसेलमलाई इजरायलको राजधानी घोषणा गर्ने अतिक्रमणकारी कदम र विश्वव्यापी रूपमा साम्राज्यवादीहरूले गरिरहेका अतिक्रमण र हस्तक्षेपको घोर निन्दा गर्दै तिनको विरोध र उत्पीडित राष्ट्रहरूको स्वाधीनता तथा मुक्तिका पक्षमा सङ्घर्ष गर्ने निर्णय गरिएको छ ।

उक्त विषयमा आवश्यक सहयोग तथा समर्थन गर्नका लागि सम्पूर्ण जनसमुदाय एवम् श्रमिक वर्गलाई विशेष आह्वान गरिन्छ ।

## सुमार्गीसँगै प्रचण्ड ...

एकपछि अर्को अवैध धन आर्जन मुद्दामा फस्दै गएका छन् । सुमार्गी नेपाली मूलका रसियन व्यापारी उपेन्द्र महतो र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालका व्यापारिक साझेदार र मध्यस्तकर्ता पनि हुन् । सुमार्गीमाथि अनुसन्धान गर्दा दाहालसहित एमालेका माधवकुमार नेपाल, विष्णु पौडेललगायत थुप्रै उच्च तहका नेताहरूसमेत तानिन सक्ने देखिन्छ । यसैकारण सुमार्गीले उन्मुक्ति पाइरहेका छन् । तर सञ्चारकर्मीको लगातार सूचना दबाब र वामपन्थी-लोकतान्त्रिक गठबन्धनको बढ्दो दूरीका कारण सुमार्गीमाथि दबाब बढ्दै गएको छ । रातो खबर साप्ताहिकले गत महिना नै 'कुमार्गमा सुमार्गी' शीर्षक समाचारमा सुमार्गीका विषयमा थुप्रै तथ्यहरू सार्वजनिक गरेको थियो । उक्त समाचार समसामयिक रहेकोले यहाँ पुनः समावेश गरिएको छ :

हेटौँडा स्थायी निवासी अजयराज सुमार्गी एकदशक अघिसम्म मकवानपुर र आसपासमा जग्गा दलाली गर्थे । विस्तारै उनले कर्रा, राप्ती र मनहरीको बगरलाई नियन्त्रण गरेर क्रसर उद्योग चलाउन थाले । रूपचन्द्र बिष्टको निकट भन्दै उनले २०६३ पछि प्रचण्ड निकट हुन ठूलो प्रयत्न गरे । २०६५ सालसम्म पुग्दा सुमार्गीको पहुँच प्रचण्डसम्म बलियो बनिसकेको थियो । एउटा प्रसङ्ग उल्लेख गरौँ, २०६५ को एउटा माओवादी केन्द्रीय समितिको बैठक चलिरहेको थियो । सुमार्गीले रामनारायण बिडारीलाई दामन जान अनुरोध गरे । बिडारीले पार्टी केन्द्रीय समितिको बैठक भएकोले असमर्थता जनाए र सुमार्गीले बिडारीलाई 'तिम्रो बैठक हुँदैन' भनिदिए र सुमार्गीले ढुक्कसँग त्यसो भनेकाले बिडारीले हितमान शाक्य, सोनाम साथी, अमिक शेरचन धेरैसँग जिज्ञासा राखे । बैठक स्थगित हुने खबर कसैलाई थिएन तर अन्तिम अवस्थामा प्रचण्डले बैठक स्थगित गरेको खबर सबैका मोबाइलमा पेरिश डाँडाले प्रवाह गऱ्यो । प्रचण्डको व्यापारिक साझेदार, विचौलिया भूमिका र रकम थन्क्याउने थलो सुमार्गी बनेको चर्चा हुन थाल्यो । प्रचण्ड र उपेन्द्र महतोको विचौलिया पनि सुमार्गी नै रहेको चर्चा छ ।

सुमार्गी गुण्डागर्दी र दादागिरी गरेर उठेका व्यापारिक पृष्ठभूमिका व्यक्ति हुन् । त्यसो त क्रसर उद्योग र जग्गा दलाली तथा ठेक्कापट्टा व्यवसाय गुण्डागर्दीमै टिक्ने गरेको व्यवसाय हो । २०६५ सालमा केदारभक्त श्रेष्ठ (काठमाडौँ, रविभवन) र तनहुँका किसन श्रेष्ठबाट दक्षिण कोरियाका व्यापारीहरूले १७ करोडमा रसुवा जिल्लाको सदरमुकाम धुञ्चेस्थित 'हिमालयन स्प्रिङ मिनरल वाटर' नामक अत्याधुनिक बन्द अवस्थामा रहेको कारखाना किने । सो कारखाना किन्न सुमार्गी पनि लालयित थिए । झमेला बढ्दै गएपछि सुमार्गीले गुण्डा लगाएर कोरियाली मालिकलाई सांघातिक हमला गरे । सरकारले त्यसपछि प्रहरी हवल्दारसहित ३ जना प्रहरी सुरक्षार्थ खटायो तर प्रचण्डको साथ पाएका सुमार्गीको दबाब बढ्दै गएपछि सुमार्गीले ५ करोड शेयर हालेर २२ करोडको सो कारखानाको ५० प्रतिशत हिस्सा लिन सफल भए । यस्ता अनेक दृश्य-अदृश्य भऱ्याङ्ग चढेर सुमार्गी एक दशकभित्रै रैथानी व्यापारी र उद्योगपतिभन्दा अग्ला धनाढ्य भएका छन् । सुमार्गीका एकजना कर्मचारी भन्छन्, 'त्रिपुरेश्वरदेखि मुक्ति टावरसम्म ४२ रोपनी जग्गा कसरी एक दशकमै खरिद गरे ?'

अब भने सुमार्गी अरब अरब रूपैयाँ बराबरको अवैध रकम ओसारपसार गर्ने भएका छन् । वैध प्रक्रिया नै नपुऱ्याई राजनीतिक शक्ति केन्द्रको आडमा १ अर्ब २० करोड रूपैयाँ ऋण स्वीकृत गरिदिन अनुरोध नपाल राष्ट्र बैङ्कलाई गरेको ४ वर्ष भइसकेको छ । ऋण दिने र ऋण लिने दुबै कम्पनीको विगत राम्रो नरहेको नेपाल राष्ट्र बैङ्कको ठहर छ । त्यो प्रकरणको लहरो तान्दै जाँदा सुमार्गीका थुप्रै शंकास्पद गतिविधिहरू पत्ता लागेको, स्थानीय बैङ्कहरूसँग साँठगाँठ गरेर अवैध र शंकास्पद रकम ओसारपसार गरेको रहस्य खुलेको हो । सो रकमको वैधानिकता पुष्टि गर्न सुमार्गी असक्षम भइरहेको बेला चुनावको समय पारेर सो अवैध रकमलाई वैधता दिलाउन सुमार्गीको दौडधूप चलेको स्रोतको दावी छ । नेपाल राष्ट्र बैङ्कले कानुनी प्रक्रिया पूरा नगरी ल्याएको कथित ऋण रकम स्विकृति प्रदान गर्छ कि गर्दैन ? प्रष्ट छैन तर सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सुमार्गीको २० अर्ब रूपैयाँ बराबरको सम्पत्तिको छानबिन सुरु गरेको छ । सो रकमबारे अन्तिम निर्णय सरकारले गर्नुपर्ने निर्णय गरेर सुमार्गीको अवैध धन्दामा राष्ट्र बैङ्कको समेत संलग्नता रहेको आशंका गरिएको छ । प्रधानमन्त्री पदबाट राजीनामा दिनै लाग्दा सो रकम फुकुवा गर्ने प्रयास गरेका थिए तर अर्थसचिव शान्तराज सुवेदीको असहयोगका कारण प्रक्रिया अघि बढ्न सकेन । प्रचण्डसँगै सुमार्गीको पक्षमा लबिङ्ग गर्ने एमालेभित्रका भारतपरस्त भनिने नेता विष्णु पौडल पनि छन् । नेपाल राष्ट्र बैङ्कका कर्मचारीहरू भने नेताहरूले दबाब दिए पनि स्वीकार्न नसकिने अडानमा छन् । सुमार्गी भने राजनीतिक निर्णयको पर्खाइमा छन् । प्रचण्डदेखि ओलीका निकट मन्त्रीहरूसमेत सुमार्गीको पक्षमा भित्रभित्रै दबाब बढाइरेका छन्, किन ? कतै सुमार्गीको पछाडि अवैध धन्दामा ती नेताहरू नै संलग्न त छैनन् ?

## विश्वभरि माओ दिवस ...

छन् । कार्यक्रमका प्रमुख अतिथि नेकपाका पोलिटब्युरो सदस्य 'विरही' ले माओले विश्वका श्रमिकहरुको मुक्ति र साम्राज्यवादी ज्यादतीका विरुद्ध चीनबाट छेड्नु भएको सर्वहारा क्रान्तिको महत्व अहिले निकै बढेर गएको बताए । माओले विकास गरेको दिर्घकालीन जनयुद्धको सिद्धान्तले तत्कालीन चिनियाँ तानाशाही शासकलाई घुँडा टेकाउन सफल भएको इतिहास स्मरण गर्दै उनले माओको निधनपछि विश्वमा मजदुर वर्गको मुक्ति आन्दोलनमा साम्राज्यवादी र विस्तारवादी तथा घरेलु दलाल पुँजीवादीहरुले हमला शुरु गरेकोसमेत बताए । नेपालमा अमेरिकी र भारतीय साम्राज्यवादको इसारामा देशका दलालहरुले राष्ट्रिय स्वाधीनतालाई खतरामा पारेको बताउँदै देशलाई दलाल व्यवस्था र पराधीनताबाट मुक्त गरी सार्वभौम तुल्याउन आफ्नो पार्टीले एकीकृत जनक्रान्तिको कार्यदिशा अगाडि सारेको पनि नेता विरहीको भनाइ छ ।

कार्यक्रमका विशेष अतिथि एवं नेकपाका सल्लाहकार समितिका अध्यक्ष असारे काकाले माओले खराब प्रवृत्ति हुर्कन र फैलिन नदिन बुर्जुवा मुख्यालयमा बम बर्साउन पार्टी पंक्तिलाई आह्वान गरेको स्मरण गर्दै कम्युनिस्ट पार्टीभित्र बसेर अवसर खोज्ने र लुट्नेहरुको टाउकामा वैचारिक बम हान्नुपर्ने बताए । साथै काकाले दलाल पुँजीवादी व्यवस्थालाई परास्त गर्न नेकपाले लिएको एकीकृत जनक्रान्तिको कार्यदिशा एकमात्र विकल्प भएको कुरामा जोड दिए ।

अखिल नेपाल महिला संघ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्दले मजदुर वर्गका महान् नेता माओको योगदान मानव समाजलाई मुक्त गर्न र समृद्ध बनाउन अविस्मरणीय रहेको बताइन् । नेपालमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न माओले चलाउनु भएको क्रान्तिको महत्व अहिले झनै बढेर गएको चन्दको भनाइ छ । दलित मुक्ति मोर्चाका अध्यक्ष रामलाल विकले जातीय विभेदको अन्त्य गर्न र श्रमिक वर्गलाई मुक्त गर्न माओको महत्वपूर्ण योगदान रहेको उल्लेख गरे । यस्तै अखिल (क्रान्तिकारी)का अध्यक्ष पूर्णबहादुर सिंहले वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न माओले पुऱ्याएको योगदान विद्यार्थी वर्गका लागि प्रेरणाको स्रोत भएको बताए । माओद्वारा रचित क्रान्तिकालीन शिक्षा अवलम्बन गर्न सके मानव जातिलाई नयाँ चेतनामा पुऱ्याउने उनको भनाइ छ ।

कार्यक्रममा नेकपाका पोलिटब्यूरो सदस्यहरु कृष्ण धमला 'गम्भिर' मोहन कार्की 'जीवन्त', केन्द्रीयहरु सदस्यहरु आजाद, रबि, धनबहादुर महर्जन, जनगणतान्त्रिक सम्पर्क मञ्चका अध्यक्ष रत्न मगर, उद्योग वाणिज्य महासंघ नेपालका अध्यक्ष युवराज पराजुली, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अनु, नेपाल बुद्धिजीवी संगठनका अध्यक्ष टिका कँडेललगायतको उपस्थिति रहेको थियो । बन्धुचन्दको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन अखिल नेपाल जनसाँस्कृतिक महासंघका महासचिव खेम थपलियाले गरेका थिए ।

## मिथिला कि मधेस ...

एकीकरणसँगै मिथिला भाषा र संस्कृतिमाथि दमन गरिएको आरोप पनि लगाएको छ । मैथिली भाषा नेपालमा सबैभन्दा बढी नागरिकले बोल्ने दोस्रो भाषा हो । काठमाडौँसहित नेपालका प्राचीन शिला, ताम्रलेखहरू मिथिला भाषामा नै पाइन्छन् । लिच्छवि राजाको शासनकालमा मिथिला भाषा राजभाषा थियो । कतिपय मल्ल राजाहरू मिथिला साहित्यका ज्ञाता र पारखी थिए । मधेसको कुरा गर्ने नेताहरू हिन्दीको चिन्ता गर्छन् तर मिथिला भाषा र संस्कृतिको बेवास्ता गरेको ठानिन्छ । यसैकारण मिथिला भाषा र संस्कृतिले शक्तिशाली वाणी प्राप्त गर्न सकेको छैन ।

## जनयुद्धको ...

लगाएँ पनि । एकछिन त त्यसले न्यानो बनायो । तर एकैछिनपछि मेरो सारा जीउ सकसकाउन थाल्यो । साह्रै अत्यास बनायो । टर्च लाइट बालेर यसो हेरेको, मेरो जीउभरी कुखुराको सुलसुले रहेछ । त्यो ज्याकेट त फुल कोरल्न ओथारो बसेको कुखुरीको खोरबाट झिकेर बच्चाले मलाई त्यो लगाउन दिएका रहेछन् । त्यसपछि मैले तेल मागेँ र जीउभरी दलेँ । धेरै राहत भयो । ज्याकेट त्यहीँ छोडेर हामी हिड्यौं । दुश्मन सेना नजिकै भएकोले यहा सुत्न सुरक्षित नभएपछि अलि टाढाको अर्को गाँउमा सुत्नको लागि जानुपर्ने भयो । यतिखेर रातको १० बज्दै छ । हामी जुनेली रातको उज्यालोमा त्यतैतिर लाग्यौं । हामी नजिकैको अर्को गाउँको एउटा किसानको घरमा पुग्यौं । दिनभर खेतमा काम गरेपछि चाँडै खाना खाने अनि चाँडै सुत्ने यहाँको चलन नै हो । त्यसमा पनि यतिखेर खेतमा गहुँ छर्ने समय हो परिवारहरू सुतिसकेका रहेछन् । त्यसमा पनि यतिखेर खेतमा गहुँ छर्ने समय हो परिवार सुतिसकेका रहेछन् । हामीले ढोका ढकढक्यायौ र ढोका खोल्न अनुरोध गर्‍यौं । उहाँहरूले उठेर ढोका खोलिदिनुभयो । यसरी रातमा सुतेकालाई उठाउनु हामीलाई पनि राम्रो लागेको थिएन । तर हामीसँग विकल्प पनि केही थिएन । हामीले आफ्नो कुरा उहाँहरूसँग बतायौं र आजको रात हामीलाई यहीँ सुत्न दिनोस् भनेर अनुरोध गर्‍यौं । द्रोण भण्डारीको घर रहेछ त्यो । द्रोण भण्डारी पनि बाहिर कतैबाट यतिखेर नै घर आइपुग्नुभयो । आज हामी यहीँ सुत्यौं । द्रोणकी श्रीमती मनिसरा हुनुहुन्छ । एक छोरा र दुइवटी छोरी रहेछन् । राति हामी यही घरमा सुत्यौं । दिउँसोको घटना दिमागमा घुमिरह्यो । हामी मिनेट र सेकेन्डको फरकले मात्र दुश्मन शाही सेनाबाट बचेका थियौँ । पछिपछि शाही सेनाले फायरिङ गर्दै लखेटेको हामी ज्यान जोगाउन ब्वाँसोको पञ्जाबाट फुत्केर भाग्दै गरेको कुखुरा जस्तै दौडिरहेको क्षण त्यसपछि स्थानीय दिदीले हामीलाई छिटो भाग ! भनेर हामीलाई बचाउन खोजेको क्षण दिमागमा घुमिरह्यो । ती दिदी हाम्रो कुनै नजिकको नाता सम्बन्ध वा चिनजानको मानिस थिइनन् तर पनि हामीलाई उहाँले जोखिम मोल्दै बचाउन खोजेको क्षण मेरो जीवनको अविस्मरणीय क्षण हो । माओवादी भगाएको कुरा सेनाले थाहा पायो भने उहाँको ज्यानै खतरा हुन सक्थ्यो । यो कुरा जान्दा जान्दै उहाँले हामीलाई बचाउन लाग्नु भयो ।

जनयुद्ध चलिरहेका नेपालका थुप्रै ग्रामीण बस्तीहरूका आमा महिला दिदी बहिनीहरूले थुप्रै नेता, कार्यकर्ताहरूलाई बचाएका उदाहरणहरू छन् । कतै दुश्मन नजिकै आइसक्दा लुगाले छोपेर भएपनि बचाएका उदाहरण छन् । कतै मलको खातमा, घाँसको थुप्रोमा लुकाएर बचाएका थुप्रै उदाहरणहरू छन् । आज ती दिदीले पनि त्यसैगरी हामीलाई बचाउनुभयो । ति महान् आमा दिदी बहिनीहरू ! लालसलाम ।

सशस्त्र शाही सेना एवं क्रुर शाहीसेनाले फायरिङ्ग गर्दै लेखेको क्षण पनि मेरो लागि कहिल्यै नबिर्सने क्षण हुनेछ । यस्तोमा सुझबुझका साथ म आफूलाई नियन्त्रणमा राख्ने गर्छु । बरु दुश्मनप्रति तीव्र घृणा र आक्रोश पैदा हुने गर्दछ । विपिनलाई खूब सम्झन्छु यस्तोमा । जाजरकोटको चौखामा दुश्मनको हवाइ आक्रमणमा होस् कि जुनी (कम्युन) को हेलीकप्टरको बमबार्डमा होस्, यस्ता क्षणहरूमा किन हो कुन्नी ! मलाई विपिनको याद आउँछ । हजारौं सहिद र बेपत्ता योद्धाहरूको सम्झना आउँछ । अनि दाँत किटेर दुश्मनप्रति घृणा र आक्रोश व्यक्त गर्दछु र सोच्ने गर्दछु, अझ धेरै बाँच्नु छ । अझ धेरै गर्नुछ । सदियौँदेखि पीडा भोग्दै आएका नेपाली जनताको मुक्तिका लागि धेरै गर्नुछ । आवश्यकता पर्यो भने मृत्युलाई पनि सहज ढंगले स्वीकार गर्न सक्ने आँट पनि छ ममा । यो कुरालाई मैले भित्रैदेखि आत्मसात् गरेको छु ।

जब दुश्मनले घेरा हाल्छ र कारबाहीमा अघि बढ्छ, अनि सुरक्षित हुन नआत्तिइकन सुझबुझका साथ अगाडि बढ्नुपर्ने रहेछ । यो राम्रैसँग झेलियो, बुझियो, सिकियो र व्यवहारमा प्रयोग पनि गरियो । दिउँसो भेट भएका हाटबजारबाट फर्कँदै गरेका ती आमा छोराको भेट पनि मेरो दिमागमा घुमिरह्यो । ती आमालाई आठ वर्षको बालकले बमको आवाज सुनेपछि सोधेको रहेछ, आमा ! यो आकाश पड्केको हो ? पानी पर्छ हो ? बालकको यो निर्दोष प्रश्नमा आमाको कुनै जवाफ थिएन । ती बालकको नाम हामीले सोधेका थियौं, तिनको नाम प्रकाश थियो । प्रकाशको भविष्य कस्तो भएर आउँदैछ ! ऊ अनभिज्ञ छ, उसले आकाश जब पड्कन्छ तब पानी पर्छ भन्ने कुरा बुझेको रहेछ । उसले प्रकृति जानेको छ तर बिनाशकारी मानव निर्मित बमको बारेमा केही थाहा छैन । आज प्रकाश खाँटी भौतिकवादी भएको छ । उ भित्रको भौतिकवादी सोच कसरी बचाईराख्ने ? यो चिन्ताको विषय हो । जब प्रकाश ठूलो हुँदै जानेछ र सामन्तीप्रथा, चलन, रुढीवादी संस्कृतिहरूले उसलाई एकसाथ गाँज्नेछन् अनि ऊभित्रको भौतिकवादी सोच बिलाएर जानेछ र ऊभित्र आदर्शवादी चिन्तनले घर गर्नेछ । क्रान्ति र परिवर्तनको बाधकको रूपमा रहेको यो विषाक्त चिन्तनको छायासमेत उसमा पर्न नदिने कसरी हो, आजको लडाइँ यहीँबाट सुरु हुन्छ । सिंगो आदर्शवादी दर्शनको पक्षपोषक प्रतिक्रियावादी राज्यसत्ता आफ्नो नगुमोस् भनेर लागिपरेको छ । जति क्रुर ढंगले पनि जति हत्या हिंसा गरे पनि शासकहरू जहिले पनि अल्पमतमै हुन्छन् । बहुमत त उत्पीडित जनताको नै हुन्छ । त्यसैले दुनियाँ उत्पीडित एवं शोषणमा परेका गरीब वर्गको हो । क्रुर शासनहरूको अन्त्य अवश्यंभावी छ । जित सत्यको हुन्छ । सहिद र बेपत्ता योद्धाहरूको सपना अवश्य पूरा हुन्छ । यिनै कुराहरू सोच्दा सोच्दै राति १२ बजि सकेछ । पेट खराब छ मेरो । त्यसैले ट्वाइलेटको लागि बाहिर खेतमा वा जंगलमा जानुपर्ने हुन्छ । रातमा करिब करिब तीनचोटी म बाहिर भित्र गरेँ । सुत्न खोजे निदाएछु । मैले एउटा अजीबको सपना देखेँ- म कुनै अज्ञात घरमा छु, त्यहाँ शान्ता, विपिन र सलोनी पनि छन् । हामीलाई त्यहाँ दुश्मन सेनाले घेरा हाल्यो । हामीले उम्किने प्रयत्न गर्‍यौँ तर असफल । दुश्मन शाही सेना भित्रै आउन थाल्यो । मैले केही पत्रकार, मानवअधिकारवादीलाई फोन गर्न प्रयास गरेँ तर फोन लागेन । मैले ४२८८७९ मा क.रूपेशकोमा फोन गरेँ । फोन नितेसले उठायो । मैले रूपेशलाई पाउन भनेँ । नितेसले को बोलेको भन्यो । बाबू छिटो देऊ न भनेँ । नाइँ, पइला को बोलेको भन्नोस् न, उसले अड्डी कस्यो । बाल सुलभको दुरुस्त अभिनय मेरो दिमागमा कसरी आयो होला । यत्तिकैमा त्यो सेनाको कब्जाबाट फुत्कन प्रयास गर्दैछौं, बिउँझेँ । म ओछ्यानबाट उठी बाहिर हेरे । बाहिर टन्न हुस्सु छ । चिसो पनि छ । ...

**स्रोत** : महिला क्रान्ति, २०७४ पुस

आरामदायी यात्राको लागि

हिमाल तराई यातायात सेवा




सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप ।

सम्पर्क : ९८४११०६९६७, ९८४४४०३१५९

"Hands up for #HIVprevention"

हामी सबैको काम एचआइभीको रोकथाम

एचआइभी र एड्स सम्बन्धी विस्तृत जानकारीको लागि सम्पर्क राख्नुहोस् ।



नेपाल सरकार

स्वास्थ्य मन्त्रालय

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र

फोन : ०१-४२६१६५३

web: www.ncasc.gov.np

## यसपटक

● कविता

# चिङकाङसानमा फेरि चढ्दा



माओ त्से तुङ

बादल छुने मेरो पुरानो चाहना थियो
र म फेरि चढेँ चिङकाङसान।
हाम्रो पुरानो किल्ला हेर्न
आएको छु धेरै टाढाबाट।

पुरानो दृश्यलाई फेरेछन् नयाँ परिवेशहरूले
जहाँतहीँ कोइली गाइरहेछन्, भँगेरा कराइरहेछन्
कलकल गरिहेछन् खोलानालाहरू
र बाटो पहाड हुँदै आकासिँदैछ,
एकपटक हुआयाङ्ची कटेपछि
छैनन् कतै अप्ठ्यारा चुनौतीहरू।

हुरी र बतास मच्चिरहेछ
जहाँ छन् मान्छेहरू
झन्डा र ब्यानरहरू फहराइरहेछन्।

चुट्कीमै बित्यो अठ्तीस वर्ष
अब हामी नवौं आकाशको चन्द्रमा पनि छुन सक्छौं
सात समुद्र गहिराइको कछुवा पनि समात्न सक्छौं
विजयको गीत र उल्लास बोकेर फर्केका छौं हामी।
असम्भव भन्ने छैन संसारमा केही
उचाइलाई नाप्ने साहस छ भने।

## जलक्रीडा

चाङ्साको पानी पिएर म भर्खरै
लाग्दैछु युचाङको माछा खान
पौडँदैछु म अहिले
विशाल याङ्जीको हरेक किनारा
नियाल्दै टाढाटाढा चुको खुला आकाश।

छालहरूलाई ठोक्किन देऊ र पवनलाई झोक्किन देऊ
हजार गुणा सुन्दर छ रल्लिनुभन्दा आलस्यले उद्यानमा
आरोग्य छ मलाई
स्वामीका अनुसार
'यो प्रवाहद्वारा निर्मित आरोग्य
त्यसकारण हरेक कुरा फैलन देऊ टाढासम्म।'

नौकापाल बग्दछन् पवनसँगै
कछुवा र सर्पहरू जस्ताको तस्तै छन्
र बुनिरहेछन् ठूलो षड्यन्त्रको ताना
पुल लाग्नेछ उत्तर र दक्षिणको लम्बाइ नाप्न
पल्टा खाँदै राजमार्गको गहिरो उतारचढाव
बोक्नलाई पछिल्लो युसाङको बादल र वर्षा
पर्खालका चट्टानहरू उछालिनेछन् पश्चिमतिर
अझै पनि एउटा निर्मल पोखरी
छल्किरहेछ साँघुरो सङ्कटमा
अझै पनि हिमदेवता जीवितै छ भने त्यहाँ
फेरिएको संसारमा एउटा चमत्कार हुनेछ।

# नेपाली जनप्रगतिशील मोर्चा, बेल्जियम सङ्गठन विस्तार अभियानमा



■ एसबी छन्त्याल/

***आन्ट्वेर्पेन, बेल्जियम :*** नेपाली जनप्रगतिशील मोर्चा बेल्जियम, केन्द्रीय समिति बैठकले प्रदीप अधिकारीलाई केन्द्रीय समितिको सदस्यमा चयन गरेको छ। अधिकारी तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को नेतृत्वमा सम्पन्न भएको जनयुद्धका पूर्णकालीन कार्यकर्ता हुन्। अधिकारीलाई नेपाली जनप्रगतिशील मोर्चाको गत मङ्गलबार बसेको बैठकले हार्दिकता साथ सङ्गठनमा आबद्ध गरेको हो।

मोर्चाको नोभेम्बरमा बसेको बैठकले बेल्जियमस्थित नेपालीहरूका बीचमा भेटघाट तीव्र पार्ने र नेपालको वर्तमान राजनीतिक अवस्थाकाबारेमा छलफल चलाउने, दलाल पुँजीवादी संसदीय व्यवस्थाको भन्डाफोर गर्ने, वैज्ञानिक समाजवादका पक्षमा प्रचारप्रसार गर्ने र स्वतन्त्र, स्वाधीन, सम्पन्न नेपाल निर्माणकालागि सङ्गठन विस्तारमा तीव्रता ल्याउने निर्णय गरेको थियो। सोहीअनुरूपसङ्गठनले बेल्जियमलगायत युरोपका अन्य देशहरूमा नेपालको विषम परिस्थितिका कारण यहाँ आइपुगेका, विचारमा प्रतिबद्ध अन्य व्यक्तिहरूलाई पनि घनीभूत सम्पर्क गर्ने क्रमजारी राख्ने निर्णय गरेको छ।

बैठकमा मोर्चाका अध्यक्ष मेख गुरुङले अधिकारीलाई केन्द्रीय सदस्यका रूपमा प्रस्ताव गरेका थिए। उक्त प्रस्तावएकमतका साथ पारित भएको हो। नेपाली जनप्रगतिशील मोर्चा युरोपका अध्यक्ष बिष्णु भुजेलले अधिकारीलाई मोर्चामा आबद्ध भएकोमा हार्दिक बधाई दिँदै मोर्चाको अभियान र समसामयिक राजनीतिक विषयमा चर्चा गरेका थिए।

# बिचौरमा पुष्पलाल कुञ्ज

■ रातोखबर संवाददाता/लमजुङ

दूधपोखरी२ स्थित बिचौरमा पुष्पलाल स्मृति बाटिका तथा स्मृति पुस्तकालय गठन भएको छ। बेसीसहरबाट ढिलो गरी प्राप्त समाचारअनुसार लक्ष्मी दवाडी (दिवंगत)को स्वामित्वमा रहेको २ रोपनी जग्गा दिवंगत लक्ष्मीका सुपुत्र तथा हकवाला थानेश्वर दवाडीले पुष्पलालको स्मृतिमा सामाजिक प्रयोजनका लागि हस्तान्तरण गर्ने सराहनीय कार्य गरेका हुन्। पूर्वमा भेटेनरी पसल, प्रहरी चौकी र तारानाथ पौडेलको निवास, पश्चिममा कच्ची बाटो, उत्तरतर्फ थानेश्वर दवाडीको जग्गा र दक्षिणमा पनि दवाडीकै जग्गाको बीचमा उक्त जग्गा रहेको छ। उक्त जग्गा आफूसमेत सेयरधनी रहेको ल्यान्डस्टार इङ्लिस बोर्डिङ स्कुललाई



भोगचलन गर्न दवाडीले दिएका हुन्। २०५४ सालमै बन्द रहेको उक्त विद्यालयअझसम्म बन्द अवस्थामा छ। विद्यालयको सेयरकेही व्यक्तिले एकलौटी खाएका हुनाले दोषीउपर जनकारबाहीका लागि जनअदालतमा मुद्दा दायर गर्ने तयारी गरेको एकजना पीडित सेयर धनीले बताएका छन्। जग्गाका हकवाला बिचौर निवासी थानेश्वर दवाडी, नेकपाका स्थानीय कार्यकर्ता केशव दवाडीलगायतको टोलीले मङ्सिर १० गते उक्त जग्गामा टिनको फलेक र झन्डा गाडेर नेकपाका संस्थापक अध्यक्ष पुष्पलालको स्मृति स्थल बनाउने घोषणा गरेका हुन्। उक्त जग्गालाई सार्वजनिक हितमा प्रयोग गरिने स्थानीय केशव दवाडीले बताएका छन्।

## अदालतमा भ्रष्टाचार ...

...
रहेका दलहरूले आलोपालो शासन गर्ने भनेर संसदीय चरित्र देखाएको, जनयुद्धको एक हिस्सासमेत संसदीय प्रक्रियामा सामेल भएको अवस्थामा जनआन्दोलन र जनयुद्धको एजेन्डालाई निरन्तरता दिने वैकल्पिक राजनीतिक शक्तिको उपस्थितिलाई शासकहरूले देखेर पनि नदेखेजस्तो गरेको भन्दै यस्तो शासकिय रवैयाबाट समस्याको समाधान नहुने बताए। भण्डारीले वर्तमान राजनीतिक प्रणालीले जनताको हित नगर्ने धारणा पनि राखेका थिए। भण्डारीले भर्खरै सम्पन्न निर्वाचन र स्थानीय तहको निर्वाचनमा जनताका वास्तविक प्रतिनिधिहरू चुनिएर आउन नसकेको बताए। उनले ठेकेदारहरू, दलालहरू, वैदेशिक रोजगार व्यवसायीहरू र डनहरू चुनिएर आएको उदाहरण दिएपछि अन्य वक्ताहरूले उनको भनाइमा सहमति जनाएका थिए।

प्रधान न्यायाधीश गोपाल पराजुलीले न्यायापालिकामा बेथिति व्याप्त रहेको स्वीकार गर्दै त्यसका लागि सवैको सहयोग आवश्यक पर्ने भनाइ राखेका थिए। कार्यक्रममा अधिकांश वक्ताहरूले नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता शेरबहादुर के.सी र महासचिव खम्मबहादुर खातीले व्यावसायिक र साझा पेसागत सङ्गठनको मर्यादाविपरीत अन्तर्वार्ता दिँदै शेरबहादुर देउवाको पक्षपोषण गरेको आरोप लगाएका थिए।

वरिष्ठ अधिबक्ता हरिप्रसाद उप्रेती र नेपाल बारका पूर्वमहासचिव अधिवक्ता विजयप्रसाद मिश्रले नेपाल सरकारका पूर्वमहान्यायाधिवक्ता रमनकुमार श्रेष्ठले आफ्ना अनुकूलका व्यक्तिहरू न्यायाधीश बनाउन नमानेकै कारण छापामार तरिकाले प्रधानन्यायाधीश सुशीला कार्कीउपर महाभियोग लगाउन उक्साएको र सरकारी वकिलहरूलाई हडतालसमेत गर्न लगाएको बताएका थिए। कार्यक्रममा वरिष्ठ अधिवक्ताहरू रमनकुमार श्रेष्ठ, बाबुराजा शाक्य, उषा मल्ल पाठक, प्रा. डा. युवराज सङ्ग्रौला, शेरबहादुर के.सी., अधिवक्ताहरू विजय मिश्र, खम्मबहादुर खाती, मेजर थापा, लक्ष्मण थपलिया, दीपककुमार बिष्ट, देवेन्द्र श्रेष्ठलगायतले मन्तव्य राखेका थिए।


काठमाण्डौं विश्वविद्यालयबाट सम्बन्धन तथा नेपाल मेडिकल काउन्सिलबाट स्विकृति प्राप्त
कान्तिपुर डेन्टल कलेज
टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टर
द्वारा संचालित
के.डि.सी. हस्पिटल
[100 beded Multispeciality Hospital]
बसुन्धरा चौकी, काठमाण्डौ फोन नं: ४३८५०१०/४३८५०११ फ्याक्स : ४३८५०१२

उपलब्ध सेवाहरू :
☑ २४ घण्टा मेडिकल/डेन्टल इमर्जेन्सी सेवा
☑ २४ घण्टा एम्बुलेन्स सेवा
☑ आई.सि.यु/सि.सि.यु
☑ बहिरङ्ग सेवा
जनरल मेडिसिन, जनरल सर्जरी, स्त्री तथा प्रसुती सेवा, हाड जोर्नी, "मुख तथा दन्त स्वास्थ्य सम्बन्धि बिषेशज्ञ सेवा, नाक, कान, घाँटी, यूरोलोजी
☑ अंतरंग सेवा
१०० बेड अस्पताल, जनरल वार्ड, क्याबिन सेवा, शल्य क्रिया, पोस्ट अपरेशन वार्ड
☑ अत्याधुनिक परिक्षण सेवा
डिजिटल एक्स रे, प्याथोलोजी ल्याव परिक्षण, Endoscopy, ECHO, USG, ECG, CBCT आदी



उपलब्ध शैक्षिक कार्यक्रमहरु
✓Master of Dental Surgery
✓Bachelor of Dental Surgery
✓Certificate in Dental Science
✓Diploma in Pharmacy



नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजश्व विभागको

आर्थिक वर्ष २०७४/०७५ को अनुमानित करको विवरण तथ आयकरको पहिलो किस्ता बापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आर्थिक वर्ष २०७४/०७५ मा आयकर ऐन, २०५८ (सं.स.) को दफा ९४ को उपदफा (१) बमोजिम आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने विवरण सो विवरण अनुसार तिर्नुपर्ने आयकरको प्रथम किस्ता वापतको ४० प्रतिशतले हुने रकम यही २०७४ पौष मसान्तभित्रै ठूला करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी ऐन अनुसार लाग्ने शुल्क तथा ब्याजबाट बचौं।


निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ